# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १२५ | काठमाडौं | शनिबार, ०९ भदौ २०८० | Prabhab National Daily | Saturday, August 26, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/ ९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

# 'एक व्यक्ति, एक पद' नीति लागू गर्दै एमाले

■ प्रकाश सिलवाल

**काठमाडौं–** नेकपा एमालेले कार्यकारी पदको भूमिकामा दोहोरो जिम्मेवारी अन्त्य गर्ने नीति लिने भएको छ । यसका लागि अब हुने प्रदेश र जिल्ला अधिवेशनमा जनप्रतिनिधिलाई पार्टी कमिटीका अध्यक्ष र सचिवको जिम्मेवारीका लागि उम्मेदवार बन्न रोक लगाउने भएको हो ।

एमालेले पार्टीका प्रदेश, जिल्ला र पालिका कमिटीका अधिवेशन गर्दा पलिकाका वडाध्यक्ष, प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, प्रदेशसभाका सदस्य, प्रतिनिधिसभा र राष्ट्रिय सभाका सदस्यलाई पार्टी कमिटीका अध्यक्ष र सचिवको जिम्मेवारीका लागि उम्मेदवार बन्न रोक लगाउन अध्यक्ष केपी शर्मा ओलीको हस्ताक्षरमा यही भदौ १ गते अन्तरपार्टी निर्देशन दिएको हो । अध्यक्ष ओलीले आफू नेतृत्वमा नआउँदै पार्टी जीवनको लोकतान्त्रिकीकरण र एक व्यक्ति एक पदको वकालत गर्दै आएका थिए ।

एमालेको २०७३ असार ७ गतेको स्थायी कमिटीको बैठकले संविधानबमोजिम पार्टीका संरचनालाई प्रदेशमा रुपान्तरण गर्ने र एक व्यक्ति, एक पदको नीतिमा अघि बढ्ने निर्णय गरेको थियो । यद्यपि, २०७५ जेठ ३ गते एमाले र नेकपा माओवादी केन्द्रबीच एकता भई नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन भएपछि नयाँ संरचना बनेको थियो । नेकपाभित्रको विवाद चुलिएसँगै सर्वोच्च अदालतबाट २०७७ फागुन २४ गतेको आदेशबाट एमाले र माओवादी केन्द्र पूर्ववत् अवस्थामा फर्किएका थिए ।

तत्पश्चात् एमाले केन्द्रीय महाधिवेशनमा होमियो भने प्रदेश कमिटीको नेतृत्व माथिबाट मनोनयनका आधारमा चयन गरेको थियो । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा अपेक्षाकृत परिणाम नपाएपछि एमालेले तीन महिने 'मिसन ग्रासरुट अभियान' सञ्चालन गरी सोको समीक्षापछि कार्ययोजना लागू गरिरहेको छ ।




- संविधानबमोजिम पार्टीका संरचनालाई प्रदेशमा रूपान्तरण गर्ने र एक व्यक्ति, एक पदको नीतिमा अघि बढ्ने निर्णय
- अब हुने प्रदेश र जिल्ला अधिवेशनमा जनप्रतिनिधिलाई पार्टी कमिटीका अध्यक्ष र सचिवको जिम्मेवारीका लागि उम्मेदवार बन्न रोक
- एक तिहाइ युवा प्रतिनिधित्व सुनिश्चित गर्ने भन्ने निर्णयलाई सिर्जनात्मकरूपले कार्यान्वयन गर्ने निर्णय

गत साउन २९ गतेको २४औं सचिवालय बैठकको निर्णयअनुसार सो निर्देशन दिइएको सो पार्टीका केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले बताए । 'पार्टी कमिटीका अध्यक्ष र सचिवका पदहरू कार्यकारी पद हुने भएकाले ती पदमा जनप्रतिनिधि वा संसदीय मोर्चामा रहेका नेता-कार्यकर्तालाई जिम्मेवारी नदिई उनीहरूलाई संसदीय मोर्चामै सक्रिय र प्रभावकारी भूमिका प्रदर्शन गराइनेछ,' स्थायी कमिटीका सदस्य नेता गौतमले भने, 'यसबाट पार्टीको समग्र कामको व्यवस्थापन र परिचालनमा सहयोग पुग्ने र दोहोरो जिम्मेवारी अन्त्य भई जहाँ कार्यकारी भूमिका हो, त्यहाँको काम प्रभावकारीरूपमा सम्पादन हुन सहयोग पुग्ने विश्वास लिइएको छ ।' एमालेको यो निर्णय केन्द्रीय कमिटीका पदाधिकारीका हकमा भने लागू हुने छैन ।

एमालेको बागमती प्रदेश कमिटीका अध्यक्ष केशव पाण्डेले केन्द्रको निर्देशन सामयिक भएको र त्यसको कार्यान्वयन गराउने गरी प्रदेश अधिवेशनको तयारी भएको जानकारी दिए । एमालेले प्रदेश अधिवेशनको प्रतिनिधि छनोटमा एकरुपता ल्याउन पालिकालाई प्रतिनिधित्वको आधार मान्ने र सदस्य संख्या न्यून रहेको स्थानमा समावेशिताको प्रतिनिधित्वको आधार जिल्ला वा प्रदेशसभा निर्वाचन क्षेत्रलाई बनाउन सकिने निर्णय गरेको छ ।

(बाँकी पृष्ठ २ मा)

## सुन तस्करी प्रकरण

# सिआइबीले गुहार्‍यो इन्टरपोल

■ प्रभाव संवाददाता

**काठमाडौं–** साउन ३ गते राजस्व अनुसन्धान विभागले बरामद गरेको सुनमा प्रहरीले थप सूचना सर्वसाधारणबाट अपेक्षा गरेको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सुन प्रकरणका विषयमा कुनै तथ्य प्रमाण, सूचना भए ब्युरोमा पठाएर सहयोग गर्न अनुरोध गरेको हो । ब्युरोका सूचना अधिकारी, प्रहरी उपरीक्षक नवराज अधिकारीले त्यस्ता सूचना, तथ्य वा प्रमाण यस कार्यालयमा प्रत्यक्षरुपमा आई उपलब्ध गराउन वा इमेलमार्फत पनि पठाउन सकिने बताए । सूचनाले अपराध अनुसन्धानमा सहयोग गर्ने पनि उनले बताए ।

यसरी प्राप्त भएको जानकारी वा सूचनाको स्रोत गोप्य रहने पनि उनले बताए । उनका अनुसार सुनका विषयमा कसैसँग केही सूचना, तथ्य वा प्रमाण भएमा ब्युरोको इमेल वा फोन नम्बरमा जानकारी दिन सकिने जनाएको छ ।

हङकङबाट तस्करी गरेर ल्याएको ६० किलो ७१६ ग्राम सुन तस्करीबारे 'सिआइबी'ले अनुसन्धान गरिरहेको छ । राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बरामद गरेको सुनको अनुसन्धान गर्ने जिम्मेवारी साउन २१ मा सिआइबीलाई दिएको थियो । असार ३० मा हङकङकबाट काठमाडौं ल्याइएको सो सुन 'रेडी ट्रेड प्रालि' ले मगाएको हो । गिरोहले सुन भारत पठाउन खोजेको ब्युरोको निष्कर्ष छ ।







- हङकङबाट तस्करी गरेर ल्याएको ६० किलो ७१६ ग्राम सुन तस्करीबारे सिआइबीको अनुसन्धान जारी
- सुन प्रकरणका विषयमा कुनै तथ्य प्रमाण, सूचना भए ब्युरोमा पठाएर सहयोग गर्न अनुरोध
- हङकङ, नेपाल र भारतबीच 'त्रिदेशीय संगठित समूह' भेटिएपछि यसबारे अनुसन्धानमा सहयोगका लागि इन्टरपोललाई पत्राचार

विभिन्न गिरोहले अवैधरुपमा भन्सार छली ल्याएको सुन प्रकरणका सम्बन्धमा केही दिन यता विभिन्न सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित भएका समाचारका सम्बन्धमा ब्युरोको ध्यानाकर्षण भएको पनि जनाइएको छ ।

एक महिनाअघि भन्सार छली ल्याइएको सुनको सूक्ष्मरुपमा अनुसन्धान गरिरहेको जनाइएको छ । यसभन्दा अगाडिका विभिन्न मितिमा भएका सुन तस्करी प्रकरणका सम्बन्धमासमेत ब्युरोबाट सूक्ष्मरुपमा अनुसन्धान भइरहेको ब्युरोले शुक्रबार एक सूचना जारी गरी जनाएको छ । 'आमनागरिकको साथ, सहयोग र सहकार्यबाट अपराध अनुसन्धान सत्य र तथ्यमा पुग्ने हुँदा सो कार्यमा सकारात्मक सहयोगको अपेक्षा गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

ब्युरोले आफ्नो अनुसन्धान सकेर सरकारी वकिलको कार्यालयमा रायसहितको प्रतिवेदन बुझाएको छ । उक्त प्रकरणको मुद्दा अदालतमा लैजाने तयारी भइरहेको छ । उक्त प्रकरणमा १८ जना हिरासतमा छन् ।

**गुहार्‍यो इन्टरपोल**

सिआइबीले यस प्रकरणको जालोबारे थप अध्ययन गर्न अन्तर्राष्ट्रिय प्रहरी संगठन 'इन्टरपोल'को सहयोग मागेको छ । हङकङ, नेपाल र भारतबीच 'त्रिदेशीय संगठित समूह' भेटिएपछि यसबारे अनुसन्धानमा सहयोगका लागि इन्टरपोललाई पत्राचार गरिएको ब्युरोका एक प्रहरी अधिकृतले बताए ।

इन्टरपोललाई आगअनुसन्धान अधिकृतहरूका अनुसार प्रहरी प्रधान कार्यालयले इन्टरपोल हङकङ र इन्टरपोल भारतलाई पत्राचार गरेको छ । सुन तस्करीमा संलग्न आरोपमा केन्द्रीय अनुसन्धान ब्युरो 'सिआइबी'को हिरासतमा अहिले सात जना चिनियाँ नागरिक छन् । उनीहरुसँग नेपाली नागरिकतासमेत भेटिएको प्रहरीले जनाएको छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# ग्रीसमा नेपालीलाई अपहरण गरी फिरौती लिने गिरोह पक्राउ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रहरीले ग्रीसमा नेपालीलाई अपहरण गरी फिरौती रकम लिने गिरोहलाई पक्राउ गरेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गत जेठ १२ गते नेपालबाट 'सिजनल भिसा'मा वैदेशिक रोजगारीका क्रममा सर्बिया गएका तीन नेपालीलाई बन्धक बनाएर रकम फिरौती माग्ने चार जनालाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ ।

- नेपालबाट 'सिजनल भिसा'मा वैदेशिक रोजगारीका क्रममा सर्बिया गएका तीन नेपालीलाई बन्धक बनाएर रकम फिरौती माग्ने चार जना समातिए
- ग्रीसमा बन्धक बनाइ राखेका पीडितको सकुशल उद्धार

पक्राउ पर्नेमा धनकुटाका ३२ वर्षीय शिवराज कुँवर, काठमाडौंका ५६ वर्षीय रामेश्वर अर्याल, कपिलवस्तुका ३२ वर्षीय प्रकाश बेलवासे र पर्वतका ४२ वर्षीय दिलबहादुर थापा रहेका छन् ।

ब्युरोका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारीले सर्बियामा गएका पीडितले चित्तबुझ्दो रोजगार तथा तलब सुविधा नपाएपछि लुकीछिपी ग्रीस प्रवेश गर्न खोज्दा हिन्दी भाषा बोल्ने अपरिचित पाकिस्तानीले अपहरण गरी डोरीले बाँधेर शारीरिक तथा मानसिक यातना र डर त्रास देखाई ज्यान मार्ने धम्की दिइ फिरौती १५ हजार मागेकाले पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका कुँवर नेपालमा फिरौती रकम लिने, अर्याल नेपालमा फिरौती लिएको रकम कुँवरसँग लिन सम्पर्क गर्ने, बेलबासे दुबईबाट नेपालमा कुँवरलाई फिरौती रकम लिन लगाउने र थापा दुबईमा बेलवासेलाई रकम नेपालको अर्याललाई दिनु भनी सम्पर्क गर्न भूमिका खेलेको प्रहरीको अनुसन्धानमा खुलेको प्रवक्ता अधिकारीले बताए ।

प्रहरीले ग्रीसमा बन्धक बनाइ राखेका पीडितलाई सकुशल उद्धार गरेको छ । पक्राउ चारै जनालाई अपहरण तथा शरीर बन्धक मुद्दामा म्याद लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । सिआइबीले वैदेशिक रोजगारीका लागि विदेश जाँदा सरकारको श्रम स्वीकृति भएको देशमा मात्र आवश्यक कानुनी प्रक्रिया पूरा गरी जान अनुरोध गरेको छ ।

# धरानमा २४ घण्टे निषेधाज्ञा जारी

## आपसी सद्भाव, भाइचारा र एकता कायम गर्न अपिल

**काठमाडौं (प्रस)–** सुनसरीको धरान उपमहानगरपालिकामा २४ घण्टे निषेधाज्ञा जारी गरिएको छ । जिल्ला प्रशासन कार्यालय सुनसरीले शुक्रबार राति १२ बजेदेखि निषेधाज्ञा लागू गरेको हो ।

गाईगोरुको मासु खाने र नखाने समुदायबीचको सम्भावित धार्मिक/साम्प्रदायिक हिंसाको संवेदनशीलतालाई मध्यनजर गरी प्रशासनले निषेधाज्ञा जारी गरेको हो । केही समययता गाईगोरुको मासु खान पाउनुपर्ने र खान नहुने भन्ने दुईपक्षबीच समाजिक सञ्जालमार्फत विवाद चर्किएको छ ।

आज दुवै पक्षले धरानमा शान्तिपूर्ण र्‍याली आयोजना गर्ने कार्यक्रम राखेका थिए । त्यसले हिंसात्मक रुप लिने जोखिमलाई मध्यनजर गरी प्रशासनले निषेधाज्ञा जारी गरेको हो । यद्यपि, डेंगी रोग संक्रमणको बढ्दो जोखिम नियन्त्रणका लागि निषेधाज्ञा जारी गर्नुपरेको प्रशासनले उल्लेख गरेको छ ।

सुनसरीकी प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले निषेधाज्ञा आदेश आज (शनिबार) राति १२ बजेसम्मका लागि जारी गरिएको बताइन् । उनले धरान उपमहानगरपालिकाका २० वटा वडामा मात्रै १५ हजार व्यक्तिमा डेंगी संक्रमण फैलिएकाले उपमहानगरपालिकालाई 'जनस्वास्थ्य आपत्कालीन अवस्था' क्षेत्र घोषणा गरिएकाले जारी गरिएको निषेधाज्ञा उल्लंघन नगर्न अनुरोध गरेकी छन् ।

धरान उपमहानगरपालिका प्रवेश गर्ने पश्चिम बाटो बराह क्षेत्र नगरपालिका-१ मा पर्ने झण्डा चोकदेखि धरानतर्फको क्षेत्र, धरान प्रवेश गर्ने पश्चिम-दक्षिण रामधुनी नगरपालिका-६ बाट बराह क्षेत्र नगरपालिका-३ नडाहा चोकबाट धरानतर्फको क्षेत्रमा निषेधाज्ञा जारी गरिएको हो ।

त्यसैगरी इटहरी उपमहानगरपालिका-२० तरहरा पानीपियादेखि उत्तर धरानतर्फको क्षेत्रमा पनि प्रशासनले निषेधाज्ञा जारी गरेको छ । त्यसैगरी धरान उपमहानगरपालिका-५ प्रवेश गर्ने पूर्वी केराबारीबाट धरानतर्फको क्षेत्र र धनकुटा जिल्ला साँगुरीगढी-६ भेडेटारबाट धरानतर्फको क्षेत्रमा निषेधाज्ञा जारी गरिएको छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम शुक्रबार राति १२ बजेदेखि शनिबार राति १२ बजेसम्म अत्यावश्यक काममा सुरक्षा निकायसँग समन्वय गरी बाहेक सामूहिकरूपमा गरिने सामाजिक, धार्मिक, राजनीतिक सभा, र्‍याली/भेला गर्न रोक लगाइएको छ ।

(बाँकी पृष्ठ २ मा)

जनहितमा जारी सन्देश

आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?

भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।

घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# सुष्मा कोइराला मेमोरियल अस्पतालमा जलनका बिरामीको उपचार

**काठमाडौं (प्रस)–** काठमाडौंको साँखुमा सञ्चालित सुष्मा कोइराला मेमोरियल अस्पतालले पाँच शयचाको सुविधासम्पन्न आइसियूमार्फत जलनका बिरामीको उपचार गर्दै आएको छ । काठमाडौंको शंखरापुर नगरपालिका-६ साँखुमा वि.सं. २०५४ मा स्थापना भएको सो अस्पतालले आगोले पोलेका र अन्य जलनका बिरामीलाई पाँच शयचाको आइसियूमार्फत सेवा प्रदान गर्दै आएको हो ।

सुरुको समयमा जलनको विशेष उपचारका लागि हायर डिफिसेन्सिफ युनिट (एचडियू) मार्फत सेवा प्रदान गर्दै आएको अस्पतालले पछिल्लो समय पाँच शयचाको आइसियूमार्फत जलनको उपचार गर्दै आइरहेको अस्पतालकी प्रशासन प्रमुख प्रफुल्ल शर्माले जानकारी दिइन् ।

इन्टरप्लास्ट जर्मनी फाउन्डेसनको सहयोगमा विगत २६ वर्षदेखि सञ्चालित उक्त अस्पतालको अगुवाइ सुष्मा कोइराला मेमोरियल ट्रस्टले गर्दै आएको छ । उक्त अस्पतालले स्थापनाकालदेखि हालसम्म पोलिएका २४ हजार बिरामीको सफल शल्यक्रिया गरिसकेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार नेपालमा प्रत्येक वर्ष ५५ हजार मानिस जलनमा पर्ने र त्यसका कारण बर्सेनि दुई हजार १०० व्यक्तिको ज्यान जाने गरेको छ । सो अस्पतालमा भने प्रत्येक वर्ष ५०० भन्दा बढी जलनका बिरामीको उपचार हुँदै आएको अस्पतालका मेडिकल डाइरेक्टर डा.सन्तोषविक्रम भण्डारीले जानकारी दिए ।

काठमाडौंको पूर्वी उत्तरी क्षेत्रमा अवस्थित उक्त अस्पतालमा देशका ७७ वटै जिल्लाका जलनका बिरामी उपचार गर्न आउने गरेका छन् । आगोले पोलेका, एसिड आक्रमणबाट घाइते, करेन्ट लागेर घाइते भएका बिरामीलाई सो अस्पतालले विशेष उपचार गर्दै आएको छ । जलनको उपचारका लागि लामो समय अस्पतालमा बस्नुपर्ने भएकाले चार/पाँच महिना अस्पतालमा बसेर उपचार गरेर बिरामी घर फर्कने गरेका छन् । उक्त अस्पतालमा भारतबाट समेत जलनको उपचारका लागि बिरामी आउने गरेको अस्पतालका मेडिकल डाइरेक्टर डा. भण्डारी बताउँछन् ।

जलनको उपचारका लागि लामो समय लाग्ने र खर्चिलो हुने भएकाले बिरामी र उसका परिवारमा आर्थिक संकटसमेत हुने गरेको छ । सरकारले एचआइभी एड्स र क्षयरोगका बिरामीलाई सहुलियत प्रदान गरे पनि संख्याको हिसाबले धेरै भएका जलनका बिरामीलाई भने कुनै सहयोग गरेको पाइँदैन । उक्त अस्पतालले १८ वर्ष कम उमेरका जलनका बिरामीलाई निःशुल्क उपचार गर्दै आइरहेको छ । सो अस्पतालले प्रत्येक वर्ष देशका विभिन्न जिल्लामा स्वास्थ्य शिविरसमेत सञ्चालन गर्दै आएको प्रशासन प्रमुख शर्माले बताए ।

स्थापनाकालदेखि नै जलनको उपचार गर्दै आएको सो अस्पतालले विगत एक वर्षदेखि सेवा विस्तार गर्दै हाडजोर्नी, महिला तथा स्त्री, बालरोग, जनरल मेडिसिन, फिजियोथेरापी, नाक, कान घाँटी, छालारोग, जनरल सर्जरी, मानसिक रोगलगायतको उपचार गर्दै आएको छ ।

हाल उक्त अस्पतालले दैनिक सयदेखि १२० व्यक्तिलाई बहिरंग सेवा प्रदान गर्दै आएको छ भने मासिक जलनका ४० देखि ५० बिरामीको उपचार गर्दै आएको छ । ट्रस्टका संस्थापक एवं संरक्षक सुजाता कोइराला नेपालमा जलनबाट कसैको ज्यान नजाओस् भन्ने उद्देश्यले अस्पताल सञ्चालन गरिएको बताउँछन् । सो अस्पताल नेपालमा जलनको उपचार गर्ने ट्रस्टबाट सञ्चालित पहिलो अस्पतालसमेत हो । सो अस्पतालबाहेक त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज, नेसनल ट्रमा सेन्टर, कान्ति बाल अस्पताल, कीर्तिपुर अस्पताल, काठमाडौं मेडिकल कलेज शिक्षण अस्पताल सिनामंगल, युनाइटेड मिसन अस्पताल पाल्पा, जनकपुर अस्पताल धनुषा र भेरी अस्पताल नेपालगञ्जमा जलनका बिरामीको उपचार हुँदै आएको छ ।

# ‘थाङ्का कलाको हब’ बनाउन प्रतिष्ठानले थाल्यो अध्ययन

**काठमाडौं–** नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले रामेछापको सुनापाती गाउँपालिकालाई थाङ्का कलाको ‘हब’ बनाउन अध्ययन सुरु गरेको छ । प्रतिष्ठान र रामेछापस्थित सुनापति गाउँपालिकाबीच उक्त पालिकालाई थाङ्का कलाको हब बनाउने सहमतिअनुसार अध्ययन थालिएको प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले जानकारी दिए । उनका अनुसार उक्त विषयमा गठित सम्भाव्यता अध्ययन टोलीले सरोकारीसँग सुझावसमेत लिएको छ ।

पालिकास्तरमासमेत छलफल गरी आवश्यक अध्ययन गरिने अध्ययन टोलीले जनाएको छ । मुख्यगरी त्यहाँका कलाकार थाङ्का कलामा बढी सक्रिय भएकाले उक्त पालिकालाई हबका लागि छनोट गरिएको हो । थाङ्का कला जनजीवन, संस्कार, दर्शनसँग सम्बन्धित हुन्छ । बुद्ध धर्मावलम्बीको धार्मिक संस्कार बोकेको शैलीलाई थाङ्का भनेर चिनिने गरिन्छ । यस कलामा देवीदेवताका चित्र कोर्ने गरिन्छ ।

शाक्यमुनि, लोकेश्वर, अमिताव तथा हिन्दू धर्ममा पनि मानिने देवीदेवता हरिततारा, श्वेततारा, गणेश, बाराही, भैरवलगायतका देवीदेवताकोसमेत चित्र समावेश हुन्छ । थाङ्का मौलिक कलामा पर्छ । उक्त कलाको प्रवर्द्धनका साथै नयाँ पुस्तालाई जोड्नका लागि यसरी स्थान तोकेरै कला प्रवर्द्धनको अभियान थालिएको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली अध्ययन थालिएको र सम्भाव्यता अध्ययन टोलीले विस्तृत प्रतिवेदन बुझाएपछि त्यसका आधारमा ठोस योजना बनाएर अघि बढ्ने तयारी रहेको बताउँछन् । थाङ्का हबका लागि पहिलो चरणमा अध्ययन गरिनेछ । त्यही अध्ययन प्रतिवेदनका आधारमा पालिकासँग मिलेर सो गाउँपालिकामा कार्यक्रम अघि बढाउने प्रतिष्ठानको योजना छ ।

प्रतिष्ठानका उपकुलपति लामा सुनापतिमा थाङ्का हब बनाउने विषयमा प्रतिष्ठानले निकै गहन अध्ययन गरेर योजना अघि सारेको बताउँदै भने, ‘लामो समयदेखि प्रतिष्ठानले त्यसलाई साकार रूप दिन औपचारिक तथा अनौपचारिक रूपले सुनापति गाउँपालिकासँग मिलेर काम गरिरहेको छौं ।’

प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्लेले रामेछापको सुनापतिलाई थाङ्का कलाको हब बनाई नेपाललाई विश्वमा चिनाउने गरी काम गर्ने योजना रहेको जानकारी दिए । सुनापतिलाई थाङ्काको हब बनाउन उपयुक्त ठाउँ रहेको र यसका लागि सबैको सहयोगको खाँचो रहेको उनले औंल्याए । *रासस*

# पचली भैरव खड्गसिद्धि नाचको तयारी सुरू

**काठमाडौं (प्रस)–** श्री पचली भैरवको खड्गसिद्धि नाचको तयारी सुरु भएको छ । १२ वर्षपछि हुन लागेको उक्त नाच आगामी दसैंदेखि एक वर्षसम्म प्रदर्शन गरिने भएको छ ।

हनुमानढोका दरबार क्षेत्रको भूतिसतलमा बसेर १२ वर्षमा खड्ग साट्ने पचली भैरवको जात्राका लागि यस वर्ष तयारी सुरु गरिएको श्री पचली भैरव श्री भद्रकाली (लुमधि) अजिमाको बाह्रवर्षे खड्गसिद्धि जात्रा गुठी व्यवस्थापन समितिले जनाएको छ । खड्ग साटेसँगै पचली भैरवको खड्गसिद्धि नाच राजधानीका विभिन्न भागमा एक वर्षसम्म प्रदर्शन गर्ने विधि रहेको छ ।

काठमाडौं महानगरपालिका-२१ ज्याबहालमा नयाँ निर्माण गरिएको पचली भैरवको देवता घरमा नाचको तयारी गठेमंगल पर्वदेखि सुरु गरिएको जात्रा व्यवस्थापन समितिका सचिव भरत मालीले जानकारी दिए । यस वर्षको विजयादशमीका अवसरमा आगामी कात्तिक ७ गते मंगलबारदेखि सुरु हुने नाचका लागि कामिका एकादशीका दिन हनुमानढोका दरबार संग्रहालयमा रहेको पूर्वराजाको खड्गमा सुपारी र दामसहित निमन्त्रणा गरिएको उनले जानकारी दिए ।

मालीका अनुसार राजतन्त्र हुञ्जेल राजासँग खड्ग साट्ने जात्रा १२ वर्षमा गर्ने गरिएको थियो । ‘राजतन्त्रको अन्त्यपछि नाच र जात्रा गर्ने गरिए पनि खड्ग साट्ने परम्परामा केही नयाँपन आएको छ । यसअघि २०६८ सालमा भएको जात्रामा तत्कालीन राष्ट्रपति डा. रामवरण यादवसँग खड्ग साट्ने वा नसाट्ने विषयमा बहस भएको थियो,’ उनले भने, ‘जात्रा व्यवस्थापन समितिले गुरुहरूसँगको सल्लाहमा त्यस बेला खड्गलाई एकापसमा छुवाउने निर्णय भएको थियो ।’

यसपटक भने तलेजु भवानीका पुजारीसँगको सल्लाहमा खड्गलाई आसनमा राख्न लागिएको जात्रा व्यवस्थापन समितिले जनाएको छ । यसका लागि आसनको निर्माण पनि भइसकेको समितिका सचिव मालीले जानकारी दिए । उनका अनुसार जात्राको तयारीका लागि हाल दैनिकरूपमा देवताको घर रहेको वडा नं २१ को कार्यालयमा नाचको तयारी भइरहेको छ ।

# बागमतीमा चल्ने सवारीसाधनको भाडा बढ्यो

**बागमती (प्रस)–** बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालयले प्रदेशका विभिन्न स्थानमा सञ्चालनमा रहेको सार्वजनिक सवारीसाधनको भाडादर बढाएको छ । पेट्रोलिय पदार्थको मूल्यवृद्धि भएपछि सवारीभाडा बढाइएको हो ।

मन्त्रालयले शुक्रबार एक सूचना जारी गर्दै बागमती प्रदेशअन्तर्गत १३ जिल्लाको सार्वजनिक सवारीसाधनको भाडादर समायोजन गरेको जानकारी दिएको छ । शुक्रबारदेखि लागू हुनेगरी जारी गरिएको भाडादर वृद्धिमा काडमाडौं उपत्यकाभित्र चल्ने यात्रुवाहक सवारीको भाडादर ८.३ प्रतिशतले बढाइएको छ ।

काठमाडौं उपत्यकाबाहिरको हकमा अर्थात् उपत्यकाबाहेकको स्थानमा चल्ने सवारीसाधनको भाडादर ५.३१ प्रतिशतले वृद्धि भएको छ । जसअनुसार अब काठमाडौं उपत्यकामा पाँच किलोमिटरसम्मको न्यूनतम भाडादर एक रुपैयाँले बढेर १९ रुपैयाँ कायम गरिएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी उपत्यकामा १० किलोमिटरसम्मका लागि २६ रुपैयाँ, १५ किलोमिटरसम्मको ३१ रुपैयाँ, २० किलोमिटरसम्मको ३५ रुपैयाँ र २० किलोमिटरभन्दा माथिका लागि ४० रुपैयाँ भाडादर कायम गरिएको छ ।

मन्त्रालयको सूचनामा काठमाडौं उपत्यकाबाहिर प्रदेशका विभिन्न स्थानमा चल्ने यात्रुवाहक सवारीसाधनको साविक भाडामा ५.३१ प्रतिशतले वृद्धि गरिएको जनाइएको छ ।

## एक व्यक्ति...

पृष्ठ १ बाट जारी

पार्टी प्रवेशबाट आएकाको हकमा सम्बन्धित प्रदेशको विशेषताअनुरुप प्रतिनिधित्वका लागि विशेष व्यवस्था गर्न एमाले सचिवालयले भनेको छ । साथै ४० वर्षमुनिका युवा सहभागिता सुनिश्चित हुने गरी प्रतिनिधि चयनको विधि तय गर्न पनि निर्देश गरिएको छ ।

अधिवेशनबाट नेतृत्व चयन गर्दा भविष्यमा पार्टीमा प्रवेश गर्नेको सम्भावनालाई समेत ध्यानमा राखी कमिटीको अधिकतम संख्याभन्दा कम गर्न, विगतमा कमिटीमा १० प्रतिशतसम्म मनोनयन गर्न पाउने अधिकारलाई अधिवेशनकै समयमा प्रयोग गर्नेजस्ता गल्ती नगर्न निर्देशन दिइएको एमालेले जनाएको छ । यदि अधिवेशनबाटै कमिटीको मनोनयनका अधिकार प्रयोग गरेमा उक्त निर्णय स्वतः बदर हुनेछ ।

**एक तिहाइ युवा प्रतिनिधित्व**

एमालेले एक तिहाइ युवा प्रतिनिधित्व सुनिश्चित गर्ने भन्ने निर्णयलाई सिर्जनात्मकरुपले कार्यान्वयन गर्ने निर्णय गरेको छ । प्रदेश कमिटीमा ४० वर्षमुनिका युवाका सहभागिता न्यूनतम १० प्रतिशत, जिल्लामा न्यूनतम १५ प्रतिशत, पालिकामा न्यूनतम २० प्रतिशत र वडा तथा टोलमा कम्तीमा एक तिहाइ पुऱ्याउने एमालेको लक्ष्य छ ।

**प्रदेश अधिवेशनको तयारी**

एमालेले यही भदौ १६ र १७ गते लुम्बिनी प्रदेशमा प्रदेश कमिटीको अधिवेशन गर्ने भएको छ । साथै आगामी असोज ५ र ६ गते मधेस प्रदेश, असोज ८ र ९ गते बागमती प्रदेश, असोज १० र ११ गते कर्णाली प्रदेश, असोज १२ र १३ गते कोशी प्रदेश, असोज १५ र १६ गते गण्डकी प्रदेश, असोज १९ र २० गते उपत्यका विशेष प्रदेश र असोज २१ र २२ गते सुदूरपश्चिम प्रदेश कमिटीको अधिवेशन तय गरेको छ । सम्बन्धित कमिटीले सोहीअनुसार तयारी गरेको जनाइएको छ । रासस

## धरानमा...

पृष्ठ १ बाट जारी

प्रशासनले प्रदर्शनलगायत कुनै पनि कार्यक्रम नगर्न/नगराउन धरान उपमहानगरपालिका क्षेत्रभित्रका सबै सरोकारवालालाई आग्रह गरेको छ ।

आदेशविपरीत भए गरेको पाइए वा अटेर गरेको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८ अनुसार कारबाही गरिनेछ आदेशमा उल्लेख छ ।

यसैबीच धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राईले आपसी सद्भाव, भाइचारा र एकता कायमका लागि धरान नगरवासीमा अपिल गरेका छन् । नगरप्रमुख राईले शुक्रबार एक अपिल प्रकाशित गर्दै समाजमा देखिने अशान्ति विभेद्ले विचार, विधि र व्यवहारमा स्थान पाउँदै गएमा सामाजिक अन्तरसम्बन्ध खलबलिने उल्लेख गरेका छन् ।

उनले अपिलमा कुनै पनि प्रकारको सामाजिक अन्तरसम्बन्ध खलबलिने गतिविधि नगर्न अनुरोध पनि गरेका छन् ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANWAR NEWYORK COMPANY FOR CLEANER SERVICES FOR BUILDINGS

पूर्व स्वीकृति मिति: २०८०/०५/०७ LT. No.291464 चलानी नं. ६०२०६७५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaner | 15 | 10 | 85 | ३६,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ACE RECRUITMENT Recruitment | Staffing | Consulting

**Ace Recruitment Pvt. Ltd.** श्रम ईजाजत नं. १६२६/०७९/०८०

Prakash Ashram Road, Near Int'l Airport, Kathmandu, Nepal, Tel: +977 1-5914502, 1-5914503, 9801316307, 9801316308
WhatsApp: +977 9801316307, Mail: cv.acenepal@gmail.com, jobs.acerecruitment@gmail.com, Web: www.acerecruitment.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

भदौ ९ गते २०८०, शनिबार

| | |
|---|---|
| **मेष** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **वृष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **मिथुन** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **कर्कट** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **सिंह** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **कन्या** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **तुला** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **वृश्चिक** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **धनु** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर । |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ ९ गते, २०८०, २६ अगस्ट, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०० | १३२.६० |
| युरो | १ को | १४१.४७ | १४२.८८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६५.१६ | १६६.८१ |
| क्याडियन डलर | १ को | १४८.१४ | १४९.६२ |
| स्विस फ्रैन्क | १ को | ८४.२८ | ८७.३२ |
| अस्ट्रेलियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिङेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# होटलमा अर्बौं लगानी तर निराश छन् व्यवसायी

■ टीकाराम सुनार
निरञ्जनकुमार साह

**जनपुरधाम–** हिन्दू धर्मावलम्बीहरूका लागि पवित्र तीर्थस्थलका रूपमा रहेको धनुषाको जनकपुरधाम पछिल्लो समय 'होटल हब'का रूपमा विकास हुँदै छ। धार्मिक पर्यटकहरूलाई लक्षित गरी धर्मशालाबाट होटलमा प्रवेश गरेको जनकपुरमा पछिल्लो समय ठूलो लगानीका व्यावसायिक होटल पनि खुल्न थालेका छन्।

यहाँ सानो तथा ठूलो लगानीका करिब २०० होटल सञ्चालनमा छन्। ती सबै होटलमा हालसम्म करिब १० अर्ब रूपैयाँ लगानी भइसकेको र करिब पाँच हजारलाई प्रत्यक्ष रोजागारी दिइएको व्यवसायीहरूको दाबी छ।

घरेलु तथा साना उद्योग कार्यालय धनुषाको १० वर्षको तथ्यांक हेर्दा पनि यहाँ होटलको संख्यामा ठूलो लगानी भइरहेको देखिन्छ। जनकपुर उद्योग वाणिज्य संघ र होटल व्यवसायी संघ जनकपुरको विवरणले पनि यहाँ बर्सेनि होटलहरू थपिने क्रम जारी रहेको देखाउँछ। तर, आर्थिक क्रियाकलाप र बजारको दायरा नबढेकाले व्यवसायीहरू भने उत्साहित छैनन्। जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ आर्थिक तथा धार्मिक पर्यटकीय गतिविधि बढ्ने आशैआशमा होटलमा लगानी बढिरहे पनि पछिल्लो समय धेरै व्यवसायी निराश रहेको बताउँछन्।

संघका वरिष्ठ उपाध्यक्ष मनिषरमण साह भने राज्यले अत्यावश्यक पूर्वाधार निर्माण र अनुकूल वातावरण बनाइदिने हो भने जनकपुरको होटल व्यवसायले नेपालकै अर्थतन्त्रको विकासमा गुणात्मक योगदान गर्नसक्नेमा आशावादी देखिन्छन्। होटल व्यवसायी संघका अध्यक्ष सुरेन्द्र भण्डारी पनि जनकपुरका होटलहरूले लगानीअनुसार प्रतिफल पाउन नसकेको गुनासो गर्छन्।

**धर्मशालाबाट उठेको व्यवसाय**

जनकपुर हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्रका रूपमा परिचित छ। मिथिलाञ्चलका चक्रवर्ती राजा जनकपुत्री सीता र रामको वैवाहिक सम्बन्धसँग जोडिएकाले पनि विश्वका करोडौं हिन्दू धर्मावलम्बीले यसलाई पवित्र तीर्थस्थलका रूपमा लिँदै आएका छन्। त्यसैकारण भारत र नेपालका विभिन्न भूभागबाट जनकपुर दर्शनमा आउनेक्रम परापूर्वकालदेखि नै चलिरहेको छ।

होटल व्यवसायी विजय झुनझुनवाला तिनै तीर्थालुलाई लक्षित गरी जनकपुरधाममा होटल व्यवसायको विकास भएको बताउँछन्। उनी भन्छन्, 'जनकपुरधामको मूल चिनारी नै धार्मिक तीर्थस्थल हो। यो भूमि विश्वका अर्बौं मानिसहरूको आस्थाको केन्द्र हो। तिनै तीर्थाटनमा आउने श्रद्धालुलाई लक्षित गरी यहाँ होटल व्यवसायको विकास भएको इतिहास छ।'

उनका अनुसार जनकपुरमा धर्मशालाबाट होटलको विकास सुरु भएको र त्यसको श्रेय गोपाल धर्मशालालाई जान्छ। भारतबाट जानकी मन्दिर दर्शन गर्न आउने श्रद्धालु भक्तजनलाई लक्षित गरी २००९/१० सालतिर गोपाल धर्मशालाले न्यूनतम शुल्क लिएर आवास तथा खानाको व्यवस्था गरेबाट यस क्षेत्रको विकास सुरु भएको झुनझुनवालाको भनाइ छ। 'जनकपुरमा धर्मशालाबाट होटलको इतिहास सुरु भएको हो। भारतको कोलकात्ताबाट आएका मारवाडी पोदार परिवारले धार्मिक पर्यटकको सुविधाका लागि खाने, बस्ने व्यवस्था गरेको र पछि अरु धर्मशालासमेत स्थापना गरिएको पाइन्छ। यो नै जनकपुरमा होटलको जग हो,' उनले सुनाए।

मेचीदेखि काठमाडौंसम्म सडक, पूर्वपश्चिम महेन्द्र राजमार्ग निर्माण र २०२४ सालदेखि हवाई सेवा सुरु भएपछि मात्रै यहाँ व्यावसायिक होटलको स्थापना भएको हो। जनकपुरमा २०२४ सालतिर पहिलो होटलका रूपमा 'होटल एभरेस्ट' को स्थापना भएको इतिहास छ। अहिले जनकपुरधाममा ६० भन्दा बढी ठूला होटलहरू सञ्चालनमा छन्। तीमध्ये केही होटलहरू 'तीनतारे' स्तरका छन्। यहाँ होटलहरूको कूल क्षमता करिब एक हजार मानिसलाई बसाउन सक्ने छ।

होटल सञ्चालकसमेत रहेका झुनझुनवाला अर्थतन्त्रमा सुधार, आर्थिक क्रियाकलापमा वृद्धि हुँदै गएमा आगामी पाँच वर्षमा ठूलो लगानीका धेरै होटलहरू खुल्ने बताउँछन्। होटल व्यवसायी जीवनाथ चौधरी पनि जनकपुरका होटलहरू आधारभूत रूपमा धार्मिक पर्यटक लक्षित भए पनि समयक्रममा व्यावसायिक हिसावले पनि सञ्चालन भइरहेको बताउँछन्। 'हाम्रो मूल आधार धार्मिक पर्यटन नै हो तर पछिल्लो समय प्रदेश राजधानी पनि बनेपछि लगानी, सेवा र कार्यशैली नै फेर्नुपर्ने अवस्था छ,' चौधरीले भने।

अर्का होटल व्यवसायी सन्तोष गिरी धार्मिक कार्यका लागि आउने पर्यटकहरूलाई लक्षित गरी व्यवसायको स्थापना भए पनि दिगो व्यवस्थान, लगानी र बदलिँदो सामाजिक मनोवृत्तिअनुरूप रूपान्तरणको जरुरी रहेको धारणा राख्छन्। कुनै पनि होटल तथा व्यवसाय धार्मिक मान्छेहरूको क्रियाकलापले मात्रै चल्न नसक्ने भन्दै गिरीले अहिलेकै अवस्था रहे जनकपुरमा होटलको भविष्य चुनौतीपूर्ण रहेको बताए।

**'उत्साहित छैनन् व्यापारी'**

जनकपुरलाई मधेस प्रदेशको राजधानी बनाइएपछि पछिल्लो समय सम्भावनाको क्षेत्र थप विस्तार भएको छ। त्यसैगरी सडक, हवाई र रेल सेवाले जोड्ने नेपालको एकमात्र सहर भएकाले यहाँ आवागमन बढ्ने क्रममा छ तर आर्थिक गतिविधि बढ्न नसकेकामा भने व्यापारीहरू निरास छन्। 'जनकपुर भ्रमणमा आउने भारतीय तथा अन्य मुलुकका पर्यटक, स्वदेशी नागरिक, सरकारी तथा गैरसरकारी संघ संस्थाका क्रियाकलाप, सभा, सम्मेलन भएमा होटलको व्यवसाय बढ्ने हो,' गिरी भन्छन्, 'तर, देशको अर्थतन्त्रका समग्र सूचक, जनताको खर्च गर्ने क्षमता र प्रवृत्ति नबदलिएसम्म यस क्षेत्रको भविष्य पनि आशालाग्दो हुने कुरा भएन।'

व्यवसायी झुनझुनवाला र चौधरी पनि सरकारी तवरबाट पर्यटन पूर्वाधार, पर्यटक आवागमनका लागि ठूला अभियान, मधेसको धार्मिक पर्यटनको विकास, विस्तार र प्रचारका लागि काम नभएमा अवस्था आशाजनक नरहेकामा सहमत हुन्छन्।

होटल व्यवसायी संघका अध्यक्ष भण्डारी त संख्यात्मक रूपमा धेरै होटल देखिए पनि धेरैजसो व्यवसायी पलायन हुने अवस्थामा रहेको बताउँछन्। 'झट्ट हेर्दा होटलहरू खुलेकै छन् तर वास्तविकता भने कारुणिक छ। केही होटलको व्यापार ठीकठीकै रहे पनि अधिकांशले लगानी उठाउन र कर्मचारी पाल्न नसक्ने अवस्था छ,' भण्डारीले भने, 'सरकारबाट सहुलियत नहुने र आर्थिक गतिविधि नबढ्ने हो भने निकट भविष्यमा धेरै होटल बन्द हुन्छन्।' महासंघका अध्यक्ष महासेठले पनि अरु व्यवसायको तुलनामा होटल क्षेत्र अहिले पनि चलायमान नै भएकाले धेरै निराश हुनुपर्ने अवस्था नरहेको तर आर्थिक क्रियाकलाप नबढेमा होटलको संख्यामात्रै बढेर नहुने बताए। 'जनकपुर धार्मिक सहर र प्रदेशको राजधानी हो तर यहाँ न उद्योग, कलकारखाना छन् न त नजिकै तेस्रो मुलुकसँग जोड्ने ठूलो नाका छ। यसर्थमा सबै सरोकारवालाहरूले योजनावद्ध रूपमा केही रणनीतिक महत्त्वका काम नगर्ने हो भने सोचेअनुरूपको परिणाम हासिल गर्न कठिन छ,' महासेठले भने।

महासंघका वरिष्ठ उपाध्यक्ष साह भने धार्मिक आस्थाको केन्द्र अयोध्यामा राम मन्दिर निर्माण भएपछि त्यसको प्रभाव जनकपुरमा पनि पर्ने र त्यसपछि केही सुधार हुने सम्भावना रहेकोमा विश्वस्त हुन्छन्। तर, त्यसबाट लाभ लिन सरकारले अहिलेदेखि नै रणनीतिक तयारी गर्न जरुरी रहेको उनको भनाइ छ। हिन्दू धर्मको कुरा गर्दा जसरी राम र सीतालाई अलग गर्न सकिँदैन, त्यसैले 'नेपालविना राम पनि अधुरा' र 'सीता माताविना अयोध्या अधुरो' भन्ने भाष्य स्थापित गर्न अहिलेदेखि नै लाग्न सकेमात्र जनकपुरमा आर्थिक मन्दीको स्थितिमा सुधार हुने देख्छन् मधेस प्रदेशसभा सदस्य रामसरोज यादव।

अहिलेको अवस्थामा जनकपुर भ्रमणमा आउने पर्यटकहरू एक दिन पनि बस्ने अवस्था नरहेकाले कम्तीमा दुई वा दुईभन्दा बढी दिन यही बस्ने अवस्था बनाउन पर्यटकीय गन्तव्य छनोट गरी पर्यटन 'टुर प्याकेज' बनाउन अपरिहार्य रहेको उनको भनाइ छ। 'अहिले बिहान आएर बेलुका फर्किनुपर्ने बाध्यता छ। किनकि, जानकी मन्दिर र जनकपुरमात्रै हेर्न त दुई घण्टाभन्दा बढी समय लाग्दैन,' यादवले भने, 'पर्यटकलाई यहाँका अरु ठाउँमा पनि घुमाएर 'इन्गेज' गराउने र खर्च गर्ने ठाउँ एवं क्षेत्र विस्तार गर्नसकेमात्रै हामीले लाभ लिनसक्छौं। त्यसतर्फ प्रदेश र स्थानीय सरकारले अझ बढी ध्यान दिनुपर्छ।'

प्रदेशसभा सदस्य रामअशिष यादवले मिथिलाञ्चलको मौलिक सभ्यातासँग आगन्तुकहरूलाई साक्षात्कार गराउने नयाँ रणनीति अख्तियार गर्नसकेमा होटल मात्रै होइन यहाँको समग्र क्रियाकलाप नै समस्यामा पर्ने बताए। उनी भन्छन्, 'छिमेकी भारत र अरु मुलुकबाट आउने पर्यटकलाई यहाँका ऐतिहासिक सभ्यता, संस्कार, मौलिक रहनसहन, लोकजीवन, खानपिनको अध्ययन र अवलोकन गर्न मिल्ने गरी हामीले एउटा प्याकेज बनाउन सक्नुपर्छ। त्यसले उनीहरूलाई केही दिन बस्न अभिप्रेरित गर्ला र यहाँको आर्थिक क्रियाकलापमा योगदान पुग्ला।'

आर्थिक क्रियाकलाप बढ्न नसकेका पनि सरकारको नीतिका कारण चर्को कर र ब्याज लिने तर पर्यटकको सहुलियतका लागि भन्सारमा पर्यटनमैत्री संरचना, पर्यटन सूचना केन्द्र, अध्यागमन कार्यालय, पर्यटन गन्तव्यको पहिचान, पूर्वाधार निर्माण तथा प्रचारप्रसारलगायतका काम गर्न नसकेकाले जनकपुरधाममा होटलको संख्या बढे पनि भविष्य संकटग्रस्त रहेको जानकारहरू बताउँछन्। *रासस*

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
रत्ननगर-०१, टाँडी, चितवन, नेपाल, फोन नं.०५६-५६१२५८, ५६०६०८
Email ID: info@ndbl.com.np, Website: www.ndbl.com.np

संस्थापक शेयर खरिद गर्न चाहनुहुने संस्थापक
शेयरधनि महानुभावहरुलाई जरुरी सूचना

यस कम्पनीका केहि संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको १,८८,९९९ **कित्ता संस्थापक शेयर**हरु विक्री गर्ने ईच्छा राखी बैंकमा निवेदन दिनुभएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुर्‍याई विक्री गर्न प्रक्रिया अघि बढाउने निर्णय भएकोले उक्त संस्थापक शेयर खरिद गरी लिन ईच्छुक हाल कायम यस कम्पनिका संस्थापक शेयरधनिहरुलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था रहेकोले संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदी कुनै संस्थापक शेयरधनी महानुभावलाई कम्पनी संस्थापक शेयर खरिद गरी लिन ईच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलगन गरी कम्पनीको केन्द्रिय कार्यालय, रत्ननगर-०१, टाँडी , चितवनमा आफुले खरिद गर्ने शेयर कित्ताको व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ। संस्थापक शेयर खरिद गरी लिने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र हाल कायम संस्थापक शेयरधनीइ महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्तिलाई विक्री गर्ने सम्बन्धि आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

श्री वीरेन्द्र अस्पताल
छाउनी, काठमाण्डौं

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/०५/०९ गते

चालु आर्थिक बर्ष २०८०/०८१ मा यस अस्पतालमा भएको Modular OT मर्मत गर्नको लागि e-GP System को माध्यमबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको हुंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। विद्युतिय माध्यमबाट सिलबन्दी दरभाउपत्र अपलोड गर्नु पर्ने अन्तिम मिति २०८०/०५/२४ गतेको १२:०० बजे र खोलुवा मिति २०८०/०५/२४ गते १३:०० बजे यस अस्पतालमा हुनेछ। साथै विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट *www.bolpatra.gov.np/egp* मा हेर्न र कुनै दुविधा भएमा यस अस्पतालको फोन नं. ०१-५६७०९८२ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

सिलबन्दी दरभाउपत्रको विवरण

| सि नं | सूचना नं | कामको विवरण | दरभाउपत्र जमानत रकम | दरभाउपत्र जमानत मान्य अवधि | सिलवन्दी दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | NA/BH/080/81/2 | Modular OT को मर्मत | ५००००.०० | ७५ दिन | १,०००।०० |

युएईमा वैदेशिक रोजगारको अवसर
कम्पनी : SEATTLE INTERNATIONAL SERVICES
पूर्व स्वीकृति मिति २०८०/०५/०८ LT No.291578 चलानी नं ६०२०६७६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 40 | 40 | 950 | ३४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १७ गते (3 Sep. 2023) मा हुनेछ।
अन्तरवार्ता हुने स्थान: पोखरा, होटल दिव्याश्री मा मिति: २०८० भदौ १८ गते (4 Sep. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ७५१/०६४/०६५
Dubai Overseas International Pvt. Ltd.
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : KALEEJ PLUS FAST FOOD RESTAURANT
पूर्व स्वीकृति मिति: २०८०/०५/०७ LT. No.291551 चलानी नं. ६०२०६७१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 3 | 0 | 1300 | ४६,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Prince International Employment Service Pvt. Ltd.
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com

मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : HONG TZE ENTERPRISE SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०५/०७ LT. No. 291531 चलानी नं. ६०२०६७६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : DIVERSE INTEGRATED SDN.BHD.
पूर्व स्वीकृति मिति: २०७९/११/३० पुन विज्ञापन स्वीकृति मिति: २०८०/०५/०८ LT. No. 282500 चलानी नं.६०१९८०३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 16 | 14 | 1500 | ४३,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

White Horse International Pvt. Ltd. Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : M/S PANAM CAFE TO SERVE DRINKS
पूर्व स्वीकृति मिति २०८०/०५/०७ LT. No. 291535 चलानी नं. ६०२०६३७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 1200 | ४२,४७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 1 | 0 | 1200 | ४२,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

YUSHO GLOBAL PVT. LTD.
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

# अनमिनको प्रमाणीकरणमा सहभागी हुँदा



रचना मोक्तान 'यात्री'

शान्ति प्रक्रियापछि पार्टीले आफ्ना कार्यकर्ताको व्यवस्थापनमा ध्यान दिएन । पार्टी संसदीय व्यवस्था र सत्ताको मोहमा लिप्त हुँदै गयो । युद्धका बहादुर साथीहरू, जो शान्ति प्रक्रियामा आएर अयोग्य हुँदै घर फर्केका थिए उनीहरू रोजीरोटीको निम्ति र सिस्नो उम्रेको घरको जग हाल्नका निम्ति खाडीमा पसिना बगाउँदै छन् । क. अनु भक्तपुरको पाँचतले मन्दिरमा बिहान बेलुका साग बेचेर गुजारा चलाउँदै छिन् । आज यी तरकारी बेच्नेलाई हिजोको सहयोद्ध कमरेडहरूले चिन्दैनन् । भर्भराउँदा कलिला दिमागहरूलाई जनवादी शिक्षाको सपना देखाएर युद्धमा होमिन पठाउनेहरूले आज चिन्दैनन् ।

२०६३ मंसिर ५ गते सरकार र तत्कालीन विद्रोही नेकपा माओवादी पार्टीबीच भएको विस्तृत शान्ति सम्झौतापछि तत्कालीन जनमुक्ति सेना नेपालका लागि संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन)को सुपरीवेक्षणमा रहने भयो । उक्त निर्णयसँगै योद्धाहरूको जिन्दगीले कोल्टे फेऱ्यो । डिभिजन कमाण्डर क. कालीबहादुर खाम (विविध) नेतृत्वको हाम्रो डिभिजन चितवनको जुटपानीमा बनाइएको अस्थायी क्यान्टोनमेन्टमा रहने भयौं । डिभिजनस्तरीय ब्रिफिङमा क. विविधको निर्देशन थियो-

अनमिनबाट हुने प्रमाणीकरणका लागि हामी जनमुक्ति सेना अस्थायी रूपमा क्यान्टोनमेन्टमा रहनेछौं । सही विचारले वीरताको इतिहास रचेर आएको जनमुक्ति सेनाले प्रमाणीकरणको परीक्षामा खरो उत्रिनुपर्नेछ । त्यसका लागि सबैजना तयारी अवस्थामा रहनू, कोही पनि हतोत्साही नहुनू ।

केही दिनपछि भएको डिभिजनस्तरीय रोलकल भएको जुटपानीस्थित मैदानमा जनसेनाको ठूलो शक्ति केन्द्रित भएको थियो । हाम्रो फौज कम्ब्याट ड्रेस (सैन्य पोसाक)मा सजिएको थियो । सबैको टाउकोमा रातो तारा भएको टोपी, दुवै कुममा रातो अक्षरले पिएलए (पिपुल्स लिबुरेसन आर्मी) लेखिएको लोगो, विश्वको सर्वोच्च शिखर सगरमाथाको पृष्ठभूमिमा 'एके-४७' क्रस चिह्न, सगरमाथाको चुचुरोमाथि रातो तारासहित जनमुक्ति सेनाको झण्डा भएको लोगो । योद्धाहरूको फर्मेसन क्या गज्जब !

छ/सात ठाउँमा अनमिन लेखिएको निलो टेन्ट टाँगिएको थियो । पालैपालो त्यही टेन्टमा पुगेर सवालजवाफबाट आफू जनमुक्ति सेना भएको प्रमाणित गर्नुपर्थ्यो । यत्तिकैमा मेरो पनि पालो आयो । म सरासर टेन्टतिरै अघि बढेँ । मलाई देख्नेबित्तिकै अनमिनका एक जना प्रतिनिधिले कुर्सीमा बस्न इसारा गरे । व्यक्तिगत विवरणको रेकर्ड राख्न कम्प्युटर र क्यामरा तयार थियो । विभिन्न मुलुकबाट आएका अनमिनका प्रतिनिधिहरू देख्दैमा आश्चर्यलाग्दो । शारीरिक रूपमा निकै अग्ला र फरक देखिन्थे उनीहरू । दोभाषेका रूपमा नेपालीलाई राखिएको थियो । सुरूमा उनीहरू आपसमा मैले नबुझ्ने भाषामा कुरा गरे । अनि दोभाषेबाट प्रश्न सुरु भयो-

प्रश्नः तपाईंको नाम के हो ?'
मः संरचना तामाङ ।
प्रश्नः तपाईंको उमेर ?
मः १९ वर्ष ।
प्रश्नः तपाईंको घर ?
मः काभ्रे ।
प्रश्नः कति समय भयो लडाकु बनेर हिँडेको ?
मः पाँच वर्ष ।
प्रश्नः लडाइँ लड्नुभयो ?
मः युद्धमा हिँडेको योद्धाले लडाइँ नलडेर के गर्छ होला त ?
प्रश्नः उसो भए कतिवटा लडाइँ लड्नुभो ?
मः योजनाबद्ध रूपमा चारवटा र आकस्मिक रूपमा छ वटामा सहभागी भएँ ।
प्रश्नः तपाईंले मान्छे मार्नुभयो ?
मः युद्धमा लागेको मान्छेले कि त मान्छे मार्छ कि त आफू मर्न तयार हुन्छ । युद्धमा लागेर शान्तिको पाठ त पक्कै पढाइँदैन होला !
प्रश्नः अनि कतिजना मान्छे मार्नुभयो ?
मः मारेको मान्छे गनेर बस्ने फुर्सदै कहाँ हुन्थ्यो र !
प्रश्नः अनि तपाईंको हातमा भएको बन्दुकको नाम थाहा छ ?
मः (प्रश्न सुनेर हाँस उठ्यो तर कन्ट्रोल गर्दै) थाहा छ ।
प्रश्नः यो हतियारको नाम केहो ?
मः इन्सास ।
प्रश्नः यसको तौल कति हो ?
मः ४.०८ केजी ।
प्रश्नः यसमा लाग्ने गोली कति एमएमको हुन्छ ?
मः ५.५६ एमएम ।
प्रश्नः तपाईं सानै उमेरमा युद्धमा लाग्नुभएको रहेछ, तपाईंलाई डर लागेन ?
मः डराउने मान्छे कहाँ युद्धमा लाग्न सक्छ र ।

(मलाई प्रश्न सोध्ने कार्य रोकेर फेरि खासखुस उनीहरूबीच कुराकानी भयो । म भने अब कस्तो प्रश्न सोध्ने हो ! भनेर मनमा कुरा खेलाउँदै बसें ।)

प्रश्नः 'तपाईंले बोक्नुभएको हतियार खोलेर जोडेर देखाउनुस् न ।
मः हुन्छ (म हतियार खोलेर जोड्न लाग्छु) ।

मैले तर्तीबार रूपले हतियार खोलजोड गर्न लागें । उनीहरूले एक टकले हेरिरहेका थिए । मैले देब्रे घुँडालाई जमिनमा र दाहिने खुट्टाको पैतालालाई भुइँमा टेकाएँ । हिप र ढाडलाई सीधा बनाएर इन्सास राइफललाई देब्रे काँधमा अड्याएँ । गोजीबाट रुमाल झिकेर सबैभन्दा पहिला जमिनमा रुमाल बिछ्याएँ । इन्सासको म्यागजिन निकालेर ओछ्याएको रुमालमा राखेँ । त्यसपछि पालैपालो अरु पार्टपुर्जाहरू तर्तीबार ढंगले खोल्दै रुमालमा राख्दै गएँ । इन्सास राइफल खोलेपछि उनीहरूको अनुहारमा हेर्न पुगेँ । जोड्नु ! भन्ने इसारा पाएपछि फटाफट जोडेँ । यस्तो कार्य गर्न लगभग एकदेखि डेढ मिनेटमा सकियो । फेरि कुर्सीमा बस्न इसारा गऱ्यो । सायद उमेर, उचाइ र शारीरिक रूपमा सानी देखेरै हुनुपर्छ मलाई अलि केरकार बढी गर्न थालियो । म आफू निर्धक्क भएर ओठको मुस्कान छाड्दै उत्तर दिइरहेँ ।

अन्तिम प्रश्न थियो- तपाईंलाई जन्म दिने आमा र गणतन्त्रमा कुन प्रिय लाग्छ ?

मेरो जवाफ थियो- मेरी आमाका लागि म प्रिय हो । तर, मेरो देश र मेरो लागि गणतन्त्र प्रिय लाग्छ । किनभने म जस्तै योद्धाहरू र लाखौं करोडौं जनताले लडेर ल्याएको गणतन्त्र हो यो ।





मेरो कुराले कति चित्त बुझ्यो, कति बुझेन त्यो त मलाई थाहा भएन । 'अब तपाईं जानुहोस्' भनेपछि म त्यहाँबाट बाहिर निस्कें ।

'ओइ संरचना ! तपाईंलाई त निकै समय लगायो त । कतै तपाईंलाई अयोग्यको लिस्टमा त पारेन ?' यो प्रश्न सेती विक (कमरेड सरला जो चितवनको दाह्रेचोक भिडन्तमा सख्त घाइते भएकी थिइन् । उनी अहिले पनि अशक्त नै छिन् ।) को थियो ।

'खोइ ! सोधेको जति प्रश्नको उत्तर दिएकै छु क्यारे, के गर्ला कुन्नि ! योग्य र अयोग्यको लिस्ट आउट गरेपछि नै थाहा होला । जे भए नि होस् !' यस्तै जवाफ फर्काएँ ।

एकपछि अर्को साथीहरू मलाई घेर्दै अनमिनको कर्मचारीले लगाएको समयको अन्दाज लाउँदै के-के के-के सोध्दै थिए । 'कतै अयोग्यको सूचीमा पारियो कि ? तपाईंलाई त यति समय लगायो झन् मलाई कति समय लगाउला ? मलाई त डर लागिरहेको छ । यतिका वर्ष लडाइँ लडियो, अहिले आएर अयोग्यको सूचीमा नाम निस्कियो भने ? न पढाइ न सीप, यो घाइते शरीर पार्टीले व्यवस्थापन नगरे के हालत होला ?' आदि इत्यादि प्रश्न... ।

ओहो ! सामूहिक लडाइँ र एकल बौद्धिक लडाइँमा फरक अनुभूति हुँदोरहेछ । म जत्तिको बोलक्कडलाई त यस्तो ऱ्याखऱ्याख्ती पार्छ भने अन्य अन्तरमुखी कमरेडहरूलाई कति हतोत्साहित बनायो होला ! दिमाग रिंगिन थाल्यो । त्यहाँ कसैले कसैलाई सिकाउन मिल्ने वातावरण नै थिएन । आफ्नो मनमा जे लाग्यो त्यही उत्तर दिनेबाहेक अरु उपाय थिएन । बाहिर बसेका कमाण्डर कमरेडहरू भन्दै हुनुहुन्थ्यो, 'शान्त शालीन भएर प्रस्तुत हुनुहोस् । हिजो हामीलाई कञ्चटमा पेस्तोल ताक्दा त हामीले विवेक गुमाएनौं । आज त शान्ति प्रक्रियामा आइसकेका छौं डराउनु पर्दैन । सत्ता हाम्रै छ ।

गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्री हाम्रै पार्टी अध्यक्ष क. प्रचण्ड हुनुहुन्छ । हाम्रै सत्ता हाम्रै सरकार भएको बेला पनि डराएर हुन्छ ? हामी कोही अयोग्य हुने छैनौं ।' कमाण्डरहरूको यस्तै कुराले बाँकी कमरेडहरू विश्वस्त हुँदै गएका थिए । निकै दिन लगाएर जनमुक्ति सेनाको प्रमाणीकरण सकियो ।

तेस्रो डिभिजनका सबै ब्रिगेडहरू आ-आफ्नै क्याम्पमा रह्यौं । सैन्य नियम । निश्चित समयमा चल्नुपर्ने । खाने, बस्ने, उठ्ने, सुत्ने, तालिम गर्ने । सबै समय तालिका अनुसार नै हुन्थ्यो । प्रत्येक दिनको सैन्य रोलकल, पट्रोलिङ गस्ती, दिन र रातको सुरक्षा ड्युटी यीबाहेक अन्य उत्पादनका कार्यहरू हुँदै थियो । मेरो ध्यान भने सधैं उही प्रमाणीकरणको नतिजा कुर्नमै हुन्थ्यो । त्यहाँ मेरो रगतको नाता कोही पनि थिएन । सबैजना युद्धभूमिमै भेटेका र चिनेका सहयोद्धाहरू मात्र थिए । तैपनि आफ्ना हुनका लागि रगतको नाता नचाहिँदो रहेछ । माया, विश्वास भए वर्गीय सम्बन्ध पनि आफ्नैजस्तो हुँदोरहेछ । युद्धको भुमरीमाजस्तै कतिबेला मरिन्छ भन्ने कुराको चिन्ता नभए पनि कतिबेला अयोग्यताको बिल्ला भिराइन्छ र बाहिर निकालिन्छ भन्ने चिन्ता भइरह्यो ।

बेलाबखत सुन्दै आएको हुन्थ्यो फलानो डिभिजनमा यतिजना अयोग्यको लिस्टमा नाम निस्क्यो रे । कम्पनी कमाण्डर फलानो पनि अयोग्य भयो रे ! आदि इत्यादि । सुन्नमा आएको कुराले पनि कहिलेकाहीँ खुब सताउँदो रहेछ । यथार्थ के हो ? त्यो त बुझ्नै बाँकी थियो । निकासबिनाको जिन्दगी बिताउन साह्रै गाह्रो पो हुँदोरहेछ । युद्धमा त 'रे' को कुरा सुन्न न फुर्सद हुन्थ्यो न नानाथरी कल्पना गरेर बस्न नै । जब शिविरमा आएपछि हामी फुर्सदिलो हुँदै गयौं तब दिमागमा अनेकौं सोचाइ आयो । कतिपय साथीहरू पलायन पनि भए ।

प्रमाणीकरणको सूची सार्वजनिक गर्न निकै गाह्रो भयो । प्रमाणीकरणको नतिजा कमाण्डरहरूबाहेक अरुलाई सुनाइएन । बिस्तारै सुन्नमा आयो । फलानो बटालिएनको फलानोको पनि अयोग्यको सूचीमा नाम आएछ । फलानो प्लाटुनको कमाण्डर पनि फेल भएछ । हुँदाहुँदै हिजो युद्धमा संगै लडेका साथीहरूको नाम एकपछि अर्को गर्दै सुनिन थाल्यो । एक हिसाबले मन बेचैन हुँदै गयो । अर्को हिसाबले यहाँ अयोग्य भएर के भो त पार्टी संगठन छँदै छ । त्यता त कसो योग्य नहोला भनी मनले मनसँग फितलो तर्क गर्दै आत्मसंवाद गर्न थाले । म बसेको कल्याण-अनिश स्मृति ब्रिगेडबाट पनि थुप्रै साथीहरूको नाम अयोग्य लडाकुको सूचीमा रहेछ । मेरो प्लाटुनको पनि क.रिजन, क. विकल, क. एलिसा तीन जनाको नाम अयोग्यको सूचीमा देखें । मन बेस्सरी अनिलो भयो । युद्ध हारेको सिपाहीको हविगत अन्दाज गर्नुस् त्यस्तै हाल मेरो पनि भयो । म योग्यमा निस्केर पनि अयोग्य महसुस हुँदै थियो । ती भाइबहिनीहरूको रुवाबासी सुरु भइसकेको थियो । हिजो माथिल्लो कमान्ड छ र महान तथा गौरवशाली पार्टी साथमा छ भनेर रोलकलमा विश्वस्त तुल्याउने कमाण्डरहरूको पनि केही जोर चलेन । अन्ततः अनमिनको नजरमा अयोग्य भनिएका कमरेडहरू क्यान्टोनमेन्टबाट बाहिर निस्कनुपर्ने निर्देशन आयो ।

एक दिन हामी नुहाउनका लागि खोलामा गएका थियौं । हतार कसैलाई थिएन । अलि फुर्सदिलो भएकोले नुहाइधुवाइ सकेर पनि लुगा नसुकुञ्जेल खोला किनारमै बस्ने सल्लाह गऱ्यौं । सेती विक (क. सरला) म्हार्साङ गोले (क. कृतिका), क. बसन्ती राई, क. शृंखला मगर, राधिका सिटौला (क. बिहानी), क. रसिलालगायत हामी सबैजना युद्धको बेलाकै गफ गरेर बस्यौं । हामी सबैजना एक कमाण्डर तहका महिला थियौं । हाम्रो ड्रेसअप सबै पुरुष साथीहरूको जस्तै हुन्थ्यो । त्यसमाथि क. बसन्ती र मेरो त कपाल पनि पुरुष कमरेडहरूको जस्तै 'ब्वाइज कट' । कपाल नभएकै कारण पनि हामी दुई अरु साथीहरूभन्दा नुहाउनमा छिटो छरितो भयौं । कपाल हुनु र नहुनुको फाइदा यतिमात्र हो । धेरै स्याहार्नु नपर्ने । कोरिरहनुपर्ने झण्झटबाट मुक्त ।

हुन त शिविरमा केही महिला साथीहरूको कपाल काटेको हुन्थ्यो । सैन्य तालिमको हिसाबले पनि कपाल हुनुभन्दा नहुनु सजिलो लाग्थ्यो । हामी गफिँदै थियौं । बेथान स्मृति ब्रिगेडमा कार्यरत दुई जना साथीहरू (क. साधना र क. अञ्जली) हामीतिर आए । खोला किनारमा बसेर गफिन थाल्यौं । क्यान्टोनमेन्टको जिन्दगी, युद्ध, शान्ति प्रक्रिया, भविष्य र प्रमाणीकरणको बारेमा कुराकानी भयो । यत्तिकैमा क. साधनाले 'यता क-कसको अयोग्यमा नाम आयो है ? हाम्रो ब्रिगेडमा त धेरै जनाको नाम आएको छ । दुःख लाग्छ युद्धको बेला योग्य बहादुर साथीहरू अहिले अयोग्यको सूचीमा परेर अब शिविर छोडेर छिट्टै जाँदै हुनुहुन्छ । कमरेड रञ्जुको नाम पनि अयोग्यमा निस्केछ नि !

यति सुन्नासाथ चसक्क मन दुख्यो । हामी सँगसँगै थुप्रै मोर्चामा लडेका थियौं । उनी साह्रै साहसी थिइन् । काभ्रेको विकट ठाउँ डाँडापारी जन्मिएकी क. रञ्जु पार्टीमा लागेदेखि नै सैन्य फिल्डमा थिइन् । शाही सेनासँग थुप्रै मुठभेड र मोर्चाहरूमा अग्रपंक्तिमा नै लड्ने गर्थिन् । त्यतिमात्र हैन २०६१ सालमा काभ्रेको भूमिडाँडा सामूहिक हत्याकाण्डको बेला बचेकी एकमात्र योद्धा । जहाँ छ जना सहयोद्धाहरूलाई शाही सेनाले निर्मम यातना दिएर बसेको सेल्टर नै जलाइ मारेको थियो । कमरेड रञ्जु सेन्ट्री बसेकै ठाउँमा हातखुट्टा बाँधेर मुख र आँखामा पनि पट्टी बाँधेर लडाइराखेको अवस्थामा घिस्रँदै-घिस्रँदै गएर भीरमा गुल्टेर ज्यान जोगाएकी एक योद्धा थिइन् । उनको नाम सुन्ने बित्तिकै एकाएक घटनाक्रमको याद आयो । निकै पुराना साथीहरू पनि अयोग्यको टयाग झुण्ड्याउँदै निस्कँदै थिए । यो भन्दा हार अरु के होला !

पढ्नुपर्ने उमेरमा जनवादी शिक्षाको खोजीमा लाग्यौं । लागेको पनि के भन्नु, बुर्जुवा शिक्षा कामै छैन भनी दिमागमा विष घोलेर पिलाए । आज शान्ति प्रक्रियामा आएपछि विभिन्न बहानामा अयोग्य ठहरिँदै खाली हात । शरीरभरि बमगोलीको छर्रा, घाइते शरीर । सिस्नो उम्रेको त्यही झुपडी खोज्दै जानुपर्ने कस्तो विडम्बना ! यस्तै प्रश्नहरूले दिमागमा घर गरिसकेको थियो । तैपनि पार्टीको निर्देशन कुर्नेपर्ने थियो । आफ्नो ज्यानभन्दा ठूलो पार्टी सम्झेका थियौं । अयोग्य भनिएका कमरेडहरू क्यान्टोनमेन्ट छाड्ने कुरा निश्चित भइसकेको थियो । हाम्रा गफहरू यस्तै विषयवस्तुमा केन्द्रित भए ।

सेक्सन कमाण्डर क. रसिलालगायतका अरु साथीहरू पनि नुहाइ सकेर हामी बसेकै ठाँउमा आए । हामीले निकै दिनअघिदेखि उनको नाम पनि अयोग्य सूचीमा रहेको सुनेका थियौं । फचाट्टै कसैले भन्न सकेका थिएनौं । उनको मनोभाव बिग्रेको अनुभव भने पक्का गर्न सक्थ्यौं । उनले अलि संकोच मानेर 'अब हामी कति नै सँगै बस्न पाउँला र ! आज हो कि भोलि निस्क भन्ने हो । कहिलेकाहीँ त दिक्क लाग्छ । अब कुन मुख लिएर घर फर्किने ? कक्षा १० मा पढ्दापढ्दै बुर्जुवा शिक्षा काम छैन भनेपछि किताब कापी थन्क्याएर भूमिगत भएँ । आमा बेस्सरी रुनुभएको थियो । बाले काठमाडौं लगेर पढाउँछु भन्नुभएको थियो । पढेको भए यतिका वर्षमा त पढाइ सकेर जागिरे पनि भइसकिन्थ्यो । सँगैका साथीहरूले यो जागिर खाए, यति पढ्यो, पढिरहेछ, यति कमायो भन्ने सुन्नुपर्छ । आफू खाली हात झुकेको शिर बोकी गाउँ फर्किनुभन्दा यहीँ आत्महत्या गरेर मरुँ कि जस्तो पनि लाग्छ ।'

उनको आँखामा आँसु छचल्किरहेको थियो । के बोल्ने के नबोल्ने सान्त्वना दिनसमेत शब्दको अभाव महसुस भयो । दम नभएको कुरा यतिकैमा बोलें । योग्य हुनेहरू पनि खुसी हुने बलियो आधार नै के थियो र ! सधैं अन्योलमै बस्नुपर्ने । पिर नगर्नु त्यहाँ गएर पनि हामी पार्टी संगठनमा जोडेर संगठन बिस्तार गरेर पार्टीलाई बलियो बनाउनुछ । आखिर पार्टी पंक्ति त बाहिरै छ त । यसरी नै दुखेका मनहरूलाई सम्झाउने कोसिस गऱ्यौं ।

शान्ति प्रक्रियापछि पार्टीले आफ्ना कार्यकर्ताको व्यवस्थापनमा ध्यान दिएन । पार्टी संसदीय व्यवस्था र सत्ताको मोहमा लिप्त हुँदै गयो । युद्धका बहादुर साथीहरू, जो शान्ति प्रक्रियामा आएर अयोग्य हुँदै घर फर्केका थिए उनीहरू रोजीरोटीको निम्ति र सिस्नो उम्रेको घरको जग हाल्नका निम्ति खाडीमा पसिना बगाउँदै छन् । क. अनु भक्तपुरको पाँचतले मन्दिरमा बिहान बेलुका साग बेचेर गुजारा चलाउँदै छिन् । आज यी तरकारी बेच्नेलाई हिजोको सहयोद्ध कमरेडहरूले चिन्दैनन् । भर्भराउँदा कलिला दिमागहरूलाई जनवादी शिक्षाको सपना देखाएर युद्धमा होमिन पठाउनेहरूले आज चिन्दैनन् । तपाईंको इतिहासबारे थाहा छैन, सुनेकै छैन भन्दा दुःख लागेर आउँछ । विधिको विडम्बना भनेको यही रहेछ ।

आज अयोग्यको बिल्ला भिराएर बाहिर निकालिएका साथीहरू पनि घर न घाटको अवस्थामा छन् । कयौंपटक आन्दोलन गर्दा पनि उनीहरूको माग सम्बोधन हुन सकेको छैन । पार्टीलाई पनि कुनै वास्ता छैन । त्यसैले इतिहासको हरेक कोल्टे फेराइमा आफूले पनि कोल्टे फेर्नसक्ने हिम्मत र क्षमता राख्नुपर्दोरहेछ ।



*(नमोबुद्ध नगरपालिका-५ काभ्रेकी मोक्तान जनमुक्ति सेना हुन्)*

# भरतपुरका अधिकांश मन्टेश्वरी मापदण्डविपरीत

> महानगरपालिकाभित्र हाल ५० वटा मन्टेश्वरी दर्ता भई सञ्चालनमा आइरहेको छ, अधिकांश मन्टेश्वरीले निर्देशिका पालना नगरी आवासीय घरको कोठाहरूमा सञ्चालन गर्दै आइरहेका छन् ।

**नारायणगढ (चितवन)–** भरतपुर महानगरपालिकाभित्रका अधिकांश प्रारम्भिक बाल शिक्षा केन्द्र एवं शिशु विकास केन्द्र (मन्टेश्वरी) मापदण्डविपरीत सञ्चालनमा रहेको पाइएको छ ।

महानगरको शैक्षिक प्रशासन महाशाखाका अनुसार यहाँ रहेका मन्टेश्वरीमा महानगरको प्रारम्भिक बाल शिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन निर्देशिका, २०७६ को पालना नभएको पाइएको हो । महाशाखा प्रमुख महेन्द्रप्रसाद पौडेलले महानगरभित्रका मन्टेश्वरीले निर्देशिकाको पूर्णरूपमा पालना गर्न नसकेको बताए ।

निर्देशिकाअनुसार मन्टेश्वरी सञ्चालनका लागि महानगरले अनुगमन निरीक्षण र निर्देशन दिने काम गरिरहेको भए पनि त्यसको कार्यान्वयन हुन नसकेको उनको भनाइ छ । उनले भने, 'हामीले सबैलाई निर्देशिकाको पालना गर्न भनेका छौं तर कतिपय मन्टेश्वरीले न्यूनतम मापदण्ड पनि पूरा गरेका छैनन् ।' कतिपय मन्टेश्वरीलाई महानगरमा दर्ता गरेर निर्देशिकाअनुसार सञ्चालन गर्नुपर्छ भन्ने ज्ञानसमेत नभएको उनको भनाइ छ ।

महानगरपालिकाभित्र हाल ५० वटा मन्टेश्वरी दर्ता भई सञ्चालनमा आइरहेको बताउँदै उनले अधिकांश मन्टेश्वरीले निर्देशिका पालना नगरी आवासीय घरको कोठाहरूमा सञ्चालन गर्दै आएको बताए । निर्देशिका अनुसार मन्टेश्वरी सञ्चालनका लागि फराकिलो, खुला, शान्त, सुरक्षित भवन र खेल मैदान हुनुपर्छ । यस्तै बालउद्यान, सफा र स्वच्छ खानेपानी, खाजा खुवाउनेसहितको भान्छा घर, श्रव्यदृश्य तथा अन्य सिकाइ सामग्रीको पर्याप्तता, सुरक्षाका उचित प्रबन्ध रहेको हुनुपर्नेछ ।

निर्देशिकामा भनिएको छ, 'केन्द्र बालबालिकाको घरबाट १५ देखि २० मिनेटको पहुँचमा हुनुपर्नेछ । कम्तीमा प्रतिबालबालिकाका लागि दुई वर्गमिटरको कोठा र आठ फिट उचाइ, उज्यालो ढोका र झ्याल भएको कोठा हुनुपर्नेछ।' बालबालिकाको स्वास्थ्य अनुकूल तापक्रम भएको, मन्टेश्वरी सञ्चालन गर्ने भवनको चारैतर्फ खुला र अन्य कुनै पनि घर जोडिएको हुन नहुने उल्लेख छ । शान्त वातावरणमा उज्यालो तथा दोहोरो हावा बहन गर्नसक्ने कोठा हुनुपर्ने निर्देशिकामा लेखिएको छ ।

बालबालिकालाई स्वतन्त्ररूपले बस्न, चल्न खेल्न तथा सुत्न पुग्ने कोठा हुनुपर्ने, प्रत्येक कक्षा कोठामा पाँच जनाको पाँचवटा सानो समूह र २० देखि २५ बालबालिकाको ठूलो समूहलाई स्वतन्त्ररूपले बस्न, चल्न, खेल्न, नाच्न घेरामा बसेर छलफल गर्न उपयुक्त ठाउँ हुनुपर्ने व्यवस्था छ ।

मन्टेश्वरीको भवन ट्राफिकको जोखिम नभएको स्थानमा हुनुपर्ने, अग्नि नियन्त्रण उपकरण अनिवार्य हुनुपर्ने, अनिवार्यरूपमा भुई तलामामात्रै सञ्चालन गरिनुपर्ने निर्देशिकामा उल्लेख छ । निर्देशिकामा लेखिएको छ, 'भवनले ओगटेको जमिनको भागको कम्तीमा दुईतिहाइ खाली जमिन खेल मैदानको रूपमा हुनुपर्नेछ ।'

मन्टेश्वरीले सवारीसाधनको प्रयोग गर्न नपाउने भए पनि महानगरभित्र अधिकांशले सवारीसाधनको प्रयोग गर्ने गरेका छन् । महाशाखाकी अधिकृत अनिमा घिमिरेका अनुसार महानगरभित्र छ वटा मन्टेश्वरी दर्ताको क्रममा रहेको छ ।

उनले भने, 'हामी निरीक्षणमा जाँदा मापदण्डअनुसार चलेको मन्टेश्वरी खासै भेटिएको छैन तर पुरानालाई हटाउनसक्ने अवस्था पनि छैन ।' निर्देशिका बन्नु अगाडि सञ्चालनमा आएका मन्टेश्वरीलाई निर्देशिकाको पालना गर्न भनिएको बताउँदै उनले एउटा मन्टेश्वरी रहेको स्थानबाट ५०० मिटर वरिपरि मन्टेश्वरी खोल्न नपाउने व्यवस्था महानगरले गरेको बताए ।

वि.सं. २०७६ मा जारी भएको निर्देशिका कार्यान्वयनको चरणमा रहेको बताउँदै उनले सुरुआती समय भएकाले कार्यान्वयनमा ल्याउन कठिन हुने भएको बताए । मन्टेश्वरीको नामकरण गर्दा राष्ट्रिय महत्त्वको भौगोलिक, धार्मिक वा ऐतिहासिकस्थल, राष्ट्रिय विभूति, राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यक्तित्वको नाम राख्नुपर्ने निर्देशिकामा उल्लेख भए पनि प्रायः मन्टेश्वरीले एकै प्रकारका विदेशी नाम राखेको पाइएको उनको भनाइ छ । शिक्षाविद् रमाकान्त सापकोटाले मन्टेश्वरी बालबालिकाका लागि दोस्रो घर हुनुपर्ने भन्दै शिक्षण विधिअनुसार सञ्चालन हुनैपर्ने बताए । बच्चाले घरमा भएका सबै कुरा मन्टेश्वरीमा पाउनुपर्छ भन्दै उनले भने, 'मन्टेश्वरीमा गएर किताब पढ्ने होइन जीवन पढ्ने हो ।'

खाने लगाउनेदेखि लिएर आचरण, सामाजिक संस्कारबारे बालबालिकालाई मन्टेश्वरीमा सिकाइनुपर्ने उनले बताए । बालबालिकाको चाहना र मनोविज्ञानअनुसार सहयोगी शिक्षकले सिकाउनुपर्ने उनको भनाइ छ । निरीक्षणका क्रममा जिल्लामा रहेका सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास शिक्षा राम्रो रहेको बताउँदै उनले चार जना बालबालिका बराबर एक सहयोगी शिक्षक हुनुपर्ने बताए । बालबालिकाको मन प्रत्येक १० मिनेटमा परिवर्तन हुने भन्दै उनले मन्टेश्वरीमा दिनैभरि बालबालिकालाई राख्न नहुने उनको भनाइ छ । उनले बालबालिकालाई मन्टेश्वरीमा तीनदेखि पाँच घण्टाभन्दा बढी राख्न नहुने बताए । *रासस*

# तटबन्ध भत्किएपछि बस्तीतिर पस्दै राप्ती

**राँझा (बाँके)–** बाँकेको फत्तेपुर क्षेत्रमा तटबन्ध भत्किएपछि राप्ती नदीले खेतीयोग्य जमिन कटान गर्दै बस्तीतिर पस्न थालेको छ । बस्ती र उर्वरभूमि जोगाउन निर्माण गरिएको तटबन्ध भत्किएपछि नदीले जमिन कटान गर्दै बस्तीतिर पसेको राप्ती सोनारी गाउँपालिका-७ नयाँबस्ती फरेदा गाउँका शंकर यादवले बताए ।

उनका अनुसार नदीबस्तीमा पस्ने डरले राप्ती सोनारीको र नरैनापुर गाउँपालिकास्थित तटीय क्षेत्रका करिब एक दर्जन बस्तीका बासिन्दा त्रसित भएका छन् । 'राप्ती सोनारीको विसम्मवरपुर र पदनाहा गाउँ नजिक रहेको तटबन्ध राप्ती नदीले गत वर्ष भत्काएको थियो । सोही क्षेत्रबाट अहिले नदीले डुबान र कटान तीव्र पारेको छ,' यादवले भने, 'नदी नियन्त्रण गर्ने तटबन्ध नभएका कारण बाढी आउनासाथ बस्तीमा पानी पस्ने खतरा बढेको छ ।'

तटबन्ध निर्माण नभएकाले राप्ती सोनारीको ६ र ७ नं वडाका सर्रा, भवानीयापुर, पहाडीपुर, वसन्तापुर, गेदवा, खल्ला झगडिया, देउपुर्वालगायत गाउँका साथै नरैनापुर गाउँपालिकाको गंगापुर, सोनवर्षा, कुदर-वेटवा, कुडुवालगायत बस्तीमा डुबानको जोखिम बढेको सर्री माविका प्रधानाध्यापक सुकबहादुर थारुले बताए ।

नदी नियन्त्रणका लागि थुपारिएका ढुंगासँगै अघिल्ला वर्षमा बनाइएका तटबन्धसमेत राप्तीले बगाएको स्थानीयले बताएका छन् । तारजालीविना खसालिएका ढुंगा बगाएर नदी बस्तीतिर सोझिएको खल्लाझगडिया निवासी दुर्गाप्रसाद पाण्डेले बताए । '२०७९ असोज २३ गतेको बाढीले यहाँको २५ सय मिटर तटबन्ध र सडक भत्कायो,' उनले भने, 'बचेको तटबन्ध र सडक पनि राप्तीले भत्काइरहेको छ ।'

जोखिममा रहेका बस्ती तथा घरपरिवारको सुरक्षाका लागि गत असोजमा 'जनताको तटबन्ध फिल्ड कार्यालय'लाई पत्राचार गरे पनि चासो नदिएकाले राप्ती सोनारीको वडा नं ६ र ७ तथा नरैनापुरको ५ र ६ नं वडाका बस्ती डुबान र कटानको उच्च जोखिममा रहेका राप्ती सोनारी गाउँपालिका वडा नं ६ का वडाध्यक्ष लवराज खरेलले बताए ।

राप्ती नदीमा आउने बाढीका कारण अतिजोखिम मानिएका राप्ती सोनारी-२ कचनापुरको मधुवाघाट र वडा नम्बर ७ को खल्लाझगडियामा तटबन्ध कार्यक्रम लागू गरी नदीको बाढी गाउँ पस्न नदिन पहल थालिएको तटबन्धका इञ्जिनियर सूर्यदेव नायकले बताए । लमही दाङमार्फत राप्ती नदीको बाढी गाउँ पस्न नदिनका लागि तत्काल ठूला ढुंगाको साहरामा नदी नियन्त्रणको काम थालिएको उनले बताए । *रासस*


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०५/०९

यस कम्पनीको मिति २०८०/०४/१४ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **फरक ईनिसियटिभ्स प्रा.लि. (प्रा.लि. नं. १७९३२९** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०४/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फरकधार मिडिया प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Al Sama International Overseas Pvt. Ltd.** इजाजत नम्बर: ८६६/०६६/०६७ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| नाम थर | नागरिकता नं. | पद |
|---|---|---|
| ओम प्रकाश धमला | ४१८/४७७/०४४ | श्रम प्रतिनिधि |

**Al Sama International Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ८६६/०६६/०६७
LALITPUR -07 GARWKO LALITPUR, Nepal.Phone : +977-1-5204072, Fax : +977-1-5204072
Email : allsamaoffice2010@gmail.com, Website : www.alsamainternational.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DALIYA CLEANING AND HOSPITALITY
पूर्व स्वीकृति मिति २०८०/०५/०८ LT. No. 291487 चलानी नं. ६०२०६७५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1900 | ६९,२९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 4 | 1000 | ३६,४७० | | | | | | | |
| 3 | Receptionist | 0 | 1 | 1100 | ४०,११५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम इजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np



## युएई/साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MSEC SECURITY SERVICES
पूर्व स्वीकृति मिति २०८०/०५/०८ LT. No. 291429 चलानी नं. ६०२०६७५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 1200 | ४३,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAIBA DEVELOPMENT FACTORY FOR BLOCKS
पूर्व स्वीकृति मिति २०८०/०५/०८ LT. No. 291559 चलानी नं. ६०२०६७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 9 | 0 | 1000 | ३५,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ESTABLISHMENT TAFASIL AL-MURKABAT FOR CARS SERVICES
पूर्व स्वीकृति मिति २०८०/०५/०८ LT. No. 291560 चलानी नं. ६०२०६७५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mobile Vehicle Washer | 1 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.** श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DHCN CONSTRUCTION L.L.C
पुर्व स्वीकृति मिति २०८०/०५/०८ LT. No. :291564 चलानी नं.६०२०६७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 9 | 0 | 1200 | ४३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1200 | ४३,३८० | | | | | | | |
| 3 | Concrete Mason | 10 | 0 | 1200 | ४३,३८० | | | | | | | |
| 4 | Joiner | 10 | 0 | 1200 | ४३,३८० | | | | | | | |
| 5 | Plumber | 10 | 0 | 1200 | ४३,३८० | | | | | | | |
| 6 | Tile Layer | 10 | 0 | 1200 | ४३,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY
पूर्व स्वीकृति मिति : २०७९/११/०५ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०५/०८ LT. No. 281221 चलानी नं.:६०१९६७१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office & Facility Cleaning Labor | 14 | 0 | 1000 | ३५,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY
पूर्व स्वीकृति मिति : २०७९/११/०५ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०५/०८ LT. No. 281222 चलानी नं.:६०१९६७०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office & Facility Cleaning Labor | 4 | 0 | 1000 | ३५,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH
पूर्व स्वीकृति मिति : २०७८/१२/२१ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०५/०८ LT. No. 258720 चलानी नं.:६०१९२३४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 91 | 0 | 1000 | ३५,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD** श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANSAF AND SALIQ RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति २०८०/०५/०७ LT. No. 291513 चलानी नं. ६०२०६७१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 130 | ५५,७१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 2 | 0 | 90 | ३८,५७० | | | | | | | |

कम्पनी : BAREFOOT BEAUTY SALON COMPANY FOR LADIES
पूर्व स्वीकृति मिति २०८०/०५/०७ LT. No. 291512 चलानी नं. ६०२०६७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 2 | 140 | ६०,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 3 | 140 | ६०,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ARANIKO PROJECT FOR CONTRACTING AND CLEANING WLL
पूर्व स्वीकृति मिति २०८०/०३/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०८ LT. No.288872 चलानी नं. ६०२०४१७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 4 | 0 | 1000 | ३६,०४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 7 | 0 | 1000 | ३६,०४० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १० र १२ गते (27/29 Aug. 2023) मा हुनेछ ।

कम्पनी: LETS BUBBLE COMPANY FOR ANIMAL CARE
पूर्व स्वीकृति मिति २०८०/०५/०७ LT. No.291521 चलानी नं. ६०२०६७२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 4 | 0 | 150 | ६४,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.** श्रम ईजाजत नं. ४४८/०६०/०६१
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COMPANY SOR AZIM FOR MANUFACTURING
पूर्व स्वीकृति मिति २०८०/०५/०७ LT. No 291541 चलानी नं. ६०२०६७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Labor | 5 | 0 | 1000 | ३५,३९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Labour | 10 | 0 | 1000 | ३५,३९५ | | | | | | | |
| 3 | Plastic And Metal Products Assembly Worker | 5 | 0 | 1000 | ३५,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

प्रभाव दैनिक

## रूपशाला

### राजेशपायलको 'लेखेको भावी २'

लोकप्रिय गायक राजेशपायल राईको नयाँ गीत 'लेखेको भावी २' सार्वजनिक भएको छ । विक्रम संगम राईको शब्द तथा संगीत रहेको गीतमा बिसम आचार्यको एरेन्ज रहेको छ । गीतको भिडियोमा भने एलिशा राई र उत्तम राईको अभिनय छ । प्रेमकथा बुनिएको भिडियो सौरभ लामाले निर्देशन गरेका हुन् । दीप सिकेको नृत्य, हिमाल श्रेष्ठको छायांकन रहेको भिडियो सन्देश शाहले सम्पादन गरेका हुन् । भिडियो साँखु र भक्तपुरको आकर्षक स्थानमा खिचिएको हो । 'लेखेको भावी मेटिँदैन' बोलको गीतको सफलतापछि त्यसैको सिक्वेलको रूपमा यो गीत तयार पारिएको हो ।



शनिबार, ०९ भदौ २०८० (Saturday, August 26, 2023)

# सारुकको 'माया' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** दिवंगत अभिनेता सारुक ताम्राकारले अभिनय गरेको अन्तिम चलचित्र 'ह्यासट्याग माया'को केही दृश्यलाई समेटेर तयार परिएको म्युजिक भिडियो सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रममार्फत् दिवंगत अभिनेता सारुकले अभिनय गरेको 'ह्यासट्याग माया'को केही दृश्यलाई समेटेर तयार परिएको म्युजिक भिडियो सार्वजनिक गरिएको हो ।

निर्माण कम्पनी रे भेञ्चर्सका अध्यक्ष तथा चलचित्र निर्देशक राजिव गुरुङले सारुकको अन्तिम इच्छा चलचित्र नै सार्वजनिक गरे पनि सो सम्भव नभएका कारण म्युजिक भिडियोको रूपमा सार्वजनिक गरिएको जानकारी दिए ।

'हामीले चलचित्र पूरा गर्न सकेनौं । तर, सारुकको कामलाई समेटेर उसलाई मन परेको गीतमा ती दृश्यलाई राखेर म्युजिक भिडियो तयार गरेका छौं । हाम्रो तर्फबाट सारुकलाई यो श्रद्धाञ्जली हो । उ नरहेता पनि उसको काम हामी माँझ रहिरहने छ', निर्देशक गुरुङले भने । गीतमा अभिनेता ताम्राकारसँगै निकिता आचार्य, महेश मगर, सागर परियारले अभिनय गरेका छन् । बर्दियामा खिचिएको दृश्य समेटिएको निर्देशक गुरुङले बताए ।

कार्यक्रममा अभिनेता ताम्राकारको आमा रुकमणि ताम्राकार, नेपाल चलचित्र कलाकार संघको अध्यक्ष मोहन निरौला, अभिनेत्री सृष्टी श्रेष्ठ, अभिनेता मनिष श्रेष्ठ, निर्माता सरोज न्यौपाने र रोहित अधिकारी, निर्देशक सुदर्शन थापा लगायत उपस्थित थिए ।

सारुककी आमा रुकमणिले आफ्नो छोराले निकै मेहनतका साथ गरेको कामलाई म्युजिक भिडियोकै माध्यमले सार्वजनिक गरिदिएकोमा धन्यवाद व्यक्त गरिन् । उनले भनिन्, 'सरुकले यो चलचित्रको लागि तीन वर्षदेखि समय दिएको थियो । यसलाई ठूलो पर्दामा हेर्न न पाएता पनि यहाँ हेर्न पाउँदा खुशी लाग्यो ।'

उनले छोराकै मृत्यु वियोगका कारण पति सानु ताम्राकार अस्पताल भर्ना हुनुपरेको कारण कार्यक्रम उपस्थित नभएको जानकारी गराइन् । उनले सारुकलाई लिएर सामाजिक सञ्जाल र अन्यत्र विभिन्न अड्कलबाजी भइरहेकाले अनुसन्धानमा खटिएका प्रहरीलाई छिटै सत्यतथ्य सार्वजनिक गरिदिन समेत आग्रह गरिन् ।

कलाकार संघका अध्यक्ष मोहन निरौलाले पनि 'सारुकले न्याय पाउनु पर्छ' भन्दै आफ्नो मन्तव्यको सुरुआत गरे । उनले भने, 'म यो परिवारसँग जोडिएको चार दशक भईसक्यो । उहाँहरू सरुकलाई गुमाउदा जुन पिडामा हुनुहुन्छ त्यसलाई शब्दमा व्यक्त गर्न सकिदैन । हामी पनि कलाकारसँग जोडिएको विषयलाई अनुसन्धान गरिरहनु भएका प्रहरीलाई छिटै टुङ्ग्याउन र सत्य तथ्य बाहिर ल्याइदिन आग्रह गर्दछौं ।'

अभिनेता ताम्राकारसँगै अभिनय शिक्षा लिएकी अभिनेत्री सृष्टी श्रेष्ठले पुराना सम्झनालाई स्मरण गर्दै भावुक भइन् । 'सारुकसँग जोडिएका सम्झना आइरहेका छन् । हाम्रो समुहमा कसैलाई गाह्रो पर्दा सम्झाउने मान्छे यसरी हामीसँग विदा भयो भन्ने स्वीकार्न सकिरहेका छैनौं । हाम्रो साथीले के-कति कारणले संसार छाड्यो भन्ने जान्न पाउनुपर्छ भन्ने हाम्रो माँग छ । र, हामी अनुसन्धान गरिरहनुभएकासँग आशावादी छौँ', अभिनेत्री श्रेष्ठले भनिन् ।

चलचित्र 'रानी' बाट अभिनेताका रूपमा उदाएका अभिनेता ताम्राकारले 'मेरी मामू', 'इन्टु मिन्टु लन्डनमा' लगायतका चलचित्रमा अभिनय गरेका छन् । अभिनेता ताम्राकारले गत असार २१ गते आफ्नै रातोपुलस्थित आफ्नै निवासमा आत्महत्या गरेका थिए ।

# लक्की अवार्डमा कलाकारसहित उत्कृष्ट काम गरेका पनि सम्मानित हुने

■ प्रभाव संवाददाता

**चितवन–** लक्की फिल्मी अवार्डको तयारी तीव्र बनेको छ । लक्की मिडिया हाउसले असोज पहिलो साता हुने अवार्ड कार्यक्रमका लागि कलाकारसँग अन्तर्क्रिया, भेटघाटका गतिविधि हुँदै आएका छन् ।

दुई दर्जन कलाकारलाई विभिन्न विधामा अवार्ड दिने तयारी भइरहेको छ। अवार्ड वितरण कार्यक्रममा समाजमा उत्कृष्ट प्रशंसनीय काम गरेका व्यक्तिलाई समेत सम्मान गरिने लक्की मिडिया हाउसका महाप्रबन्धक हरि कार्की लक्कीले बताए । मोफसलमा रहेर पनि सक्रिय पत्रकारिता गरेका पत्रकार, स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याएका चिकित्सक, शिक्षा क्षेत्रमा योगदान गरेका शिक्षकलाई पनि सम्मान गरिने बताए ।




यस्तै चितवनको खेल जगतमा योगदान गरेका खेलाडी, उद्यमशिलता-रोजगारी प्रवर्द्धन गर्न योगदान गरेका व्यवसायीलाई सम्मान गरिनेछ । कार्कीले सिने क्षेत्रलाई स्वस्थ प्रतिस्पर्धाको वातावरण बनाउन गुणस्तरीय सिनेमा निर्माणका लागि अवार्ड कार्यक्रमले सघाउने बताए । कलाकारको योगदानको कदर गर्नुपर्नेमा जोड दिए ।

अवार्ड वितरणका लागि नोमिनेसनको काम हुन थालेको छ। अवार्ड छनौटका लागि जूरी टिमले कार्यविधि बनाएर काम गर्न थालेको बताए । हल सञ्चालक सम्मान, चलचित्र बितरक सम्मान, समाजसेवी सम्मान जस्ता कार्यक्रमहरू पनि हुने बताए ।२०७१ सालमा स्थापना भएको लक्की मिडिया हाउसले चितवनबाट सिनेमा बजारको प्रचार, प्रर्वद्धनका काम तथा इभेन्टसहरू गर्दै आइरहेको छ ।

# 'गोल्डेन नेपाली फिल्म अवार्ड' घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** अमेरिकाको क्यालिफोर्नीयामा सन् २०२४ को सेक्टेम्बरमा आयोजना हुने 'गोल्डेन नेपाली फिल्म अवार्ड' घोषणा गरिएको छ । हाल अमेरिकामा रहेका अभिनेताद्वय शिव श्रेष्ठ र सुनील थापाको सम्मानमा गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नीया आयोजना गरेको 'मिट,ग्रीट एण्ड विसेस् एक्सचेञ्ज म्युजीक नाइट' कार्यक्रममा अवार्ड घोषणा गरेको हो ।

लामो समयदेखि अमेरिका बस्दै आएका खेलाडी, सफल ब्यावसायी तथा समाजसेवी यज्ञलाल श्रेष्ठले आफ्नो कम्पनी गोल्डेन स्टेट मुभी मेकर्समार्फत आयोजना गर्न लागेको 'गोल्डेन नेपाली फिल्म अवार्ड'ले नेपाली फिल्मको गुणस्तरिय विकास, अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन, बिस्तार तथा कलाकारको सम्मानमा नौलो आयाम थप्ने विश्वास लिएको छ ।

२०१९ देखि ग्लोबल फिल्म अवार्डमा विशेष भूमिका निर्वाह गर्दै आएका श्रेष्ठले अब भने एकल रूपमा यो अवार्ड आयोजना गर्न लागेका हुन् । उनले 'गोल्डेन नेपाली फिल्म अवार्ड' निकै व्यवस्थित, निष्पक्ष, सभ्य, भव्य र सानदार हुने दाबी गरे । 'हामी पूर्ण व्यवस्थित, भव्य, निष्पक्ष र सानदार तवरले अवार्ड आयोजना गर्ने योजनामा छौं,' उनी भन्छन्,'नेपाली फिल्म तथा कलाकारको अन्तर्राष्ट्रिय प्रवर्द्धन र विकासमा यो अवार्डले ठूलो भूमिका खेल्ने छ ।'

अभिनेता शिव श्रेष्ठले अवार्डमा आफ्नो भरपुर, साथ, समर्थन र सहयोग रहने बताए । अभिनेता श्रेष्ठ र थापा अवार्डको जुरी पनि रहेका छन् । 'गोल्डेन नेपाली फिल्म अवार्ड' को जुरी तथा संयोजन टिममा अभिनेता श्रेष्ठ तथा थापाका साथमा चर्चित अभिनेत्री, निर्मात्री, निर्देशक दीपाश्री निरौला र वरिष्ठ चलचित्र पत्रकार, फिल्म लेखक, निर्माता अनि निर्देशक लक्ष्मण सुवेदी रहेका छन् ।

बर्कलीस्थित हिमालय फलेभर रेस्टुरेन्टमा अगस्त २० मा आयोजित कार्यक्रममा अभिनेता द्वयसँग भेटघाट, भलाकुसारी गर्न र फोटो खिच्न विभिन्न स्टेटबाट शुभचिन्तकहरूको भीड लागेको थियो । अमेरिकामा पनि आफूहरूले दर्शकहरूबाट त्यति धेरै साथ, सम्मान र माया पाएकोमा अभिनेता द्वय भावुक भएका थिए ।

कार्यक्रममा वेस्ट कोस्ट रिजनल कमीटी (एनआरएनए युएसए) का अध्यक्ष विष्णु केसी, तामाङ सोसाइटी क्यालिफोर्नीया नवनिर्वाचित अध्यक्ष सुरज पाख्रिन, एनआरएनए च्याप्टर क्यालिफोर्नीयाका सदस्य तेजेन्द्र बराल र एनआरएनए आइसिसि सदस्य बिन्दु निरौला सापकोटालाई गोल्डेन स्टेट मुभी मेकर्सका तर्फबाट सम्मान गरिएको थियो ।

## रंगशाला

### महिला टी-ट्वान्टी क्रिकेट

# नेपाल र हङकङ आज फाइनलमा भिड्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** समूह चरणको अन्तिम खेलमा मलेसियासित पराजित भए पनि नेपाल फाइनलमा पुग्न सफल भएको छ। चार देश सम्मिलित महिला टी-ट्वान्टी सिरिजको फाइनलमा अब नेपाल र हङकङ भिड्ने भएका छन् । फाइनल खेल (आज) शनिबार हुने छ । समूह चरणका खेल सकिँदा नेपाल, हङकङ र मलेसियाको समान चार/चार अंक भए पनि नेपाल र हङकङ रनरेटका आधारमा फाइनलमा प्रवेश गरेका हुन् । तीनै टोली समूह चरणका दुई दुई खेलमा विजयी भएका थिए ।



मलेसियाको राजधानी क्वालालम्पुरस्थित बायुमास ओभल क्रिकेट मैदानमा नेपालले टस हारेपछि पहिला ब्याटिङ गरेको हो । मलेसियाविरुद्धको खेलमा नेपालले जितका लागि ८४ रनको लक्ष्य प्रस्तुत गरेको थियो । वर्षाका कारण १८ ओभरमा सीमित गरिएको खेलमा नेपालले सात विकेटको क्षतिमा ८३ रन बनायो । मलेसियाले ८४ रनको विजय लक्ष्य १६ दशमलव दुई ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो । मलेसियाका लागि अइना हसिमले अविजित ३७ तथा इजाती इम्माइलले २१ रन बनाइन् । बलिङतर्फ नेपालका लागि पूजा महतो, रुबिना क्षेत्री बेलबासे र सीता राना मगरले एक एक विकेट लिइन् ।

यसअघि नेपालका लागि ब्याटिङ गर्दै कप्तान रुबिना क्षेत्री बेलबासेले २३, इन्दु बर्माले २० तथा काजल श्रेष्ठले १८ रनको योगदान दिइन् । अरु खेलाडीले सम्झिनलायक ब्याटिङ गर्न सकेनन् ।

नेपालले समूह चरणको पहिलो खेलमा हङकङलाई ६ विकेटले तथा दोस्रो खेलमा कुवेतलाई ३४ रनले पराजित गरेको थियो । यस्तै मलेसिया पहिलो खेलमा हङकङसित १० विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा मलेसियाले कुवेतलाई आठ विकेटले पराजित गरेको थियो । आयोजक मलेसियासहित नेपाल, हङकङ र कुवेतले महिला टी-ट्वान्टी सिरिज खेलिरहेका छन् । यही अगष्ट ३१ तारिखदेखि मलेसियामै हुने आइसिसी महिला टी-२० विश्वकप एसिया क्वालिफायरको तयारीस्वरूप नेपालले उक्त सिरिज खेलिरहेको छ ।

# एन्जल्स हार्ट र ज्ञान निकेतन फाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** एन्जल्स हार्ट र ज्ञान निकेतन दसौं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा शुक्रबार फाइनलमा प्रवेश गरेका छन् । एन्जल्स हार्टले आयोजक ग्रिनफिल्ड नेसनल स्कुललाई २७-२५ को साँघुरो अन्तरले पराजित गर्‍यो ।



एन्जल्स हार्टको जितमा अदित पुनले ८ अंक योगदान गरे । जेसन घलानको १२ अंक सहयोगमा ज्ञान निकेतनले रेडिअन्ट पब्लिकलाई २५-२३ को झीनो अन्तरले हरायो । सिनियर ब्वाइजमा ग्रिनल्यान्ड र जेनिथले उपाधि भिडन्त पक्का गरे । ग्रिनल्यान्डले ज्ञान निकेतनलाई ७९-६१ ले पाखा लगायो । ग्रिनल्यान्डका सविन गुरुङले ३४ स्कोर गरे । जेनिथले जेबी इङलिस स्कुलमाथि ५९-५८ को कठिन जित दर्ता गर्‍यो । जेनिथका लागि सुशिल शाहीले २३ अंक जोडे । सिनियर गर्ल्समा भ्याली पब्लिक र संस्कृति उपाधिका लागि भिड्ने भएका छन् । भ्याली पब्लिकले जेसिस इन्टरनेसनललाई ४१-१२ ले सहजै पन्छ्यायो । भ्याली पब्लिककी मुस्कान गुरुङले १८ स्कोर गरिन् । रिब्स विरुद्धको प्रतिस्पर्धामा संस्कृति २४-११ ले विजयी भयो । प्रतियोगिता शनिबार सम्पन्न हुनेछ ।

### सुदूरपश्चिम पृतनापति प्रतियोगिता

# बक्सिङमा देवीदल गण पहिलो




■ प्रभाव संवाददाता

**महेन्द्रनगर–** नेपाली सेनाको सुदूरपश्चिम पृतना स्तरीय प्रतियोगितामा बक्सिङतर्फ देवी दल गण तेघरी ब्यारेक पहिलो भएको छ । देवी दल गणले सात स्वर्ण, छ रजत र दुई कास्य पदक प्राप्त गर्‍यो । कञ्चनपुरको महेन्द्रनगरस्थित श्री नं २५ बाहिनी अड्डा भगतपुर ब्यारेकअन्तर्गत रहेको श्रीदल गुल्मको संयोजनमा सम्पन्न पृतनापति प्रतियोगितामा बक्सिङतर्फ गोरखबक्स गण अछाम द्वितीय र भैरवप्रसाद गण डोटी तृतीय भए ।

द्वितीय भएको गोरखबक्स गणले पाँच स्वर्ण, चार रजत तथा तृतीय हुने भैरवप्रसाद गणले दुई स्वर्ण र एक कास्य हात पारेको श्रीदल गुल्म भगतपुर ब्यारेकले जनाएको छ ।

देवीदल गणका लागि सिपाही दीपेन्द्रबहादुर जोशी, कुमार श्रेष्ठ, प्युठ सुधा कसेरा, सिपाही रमिता महता, धना बडाल, पावर्ती थापा र पूजा खड्काले स्वण पदक दिलाए भने दोस्रो स्थान ओगटेको गोरखबक्सका लागि सिपाही नेत्रबहादुर मास्के मगर, प्युठ अशोक शाही, सिपाही प्रकाश श्रेष्ठ, प्युठ वसन्त बिसी र विश्वास श्रेष्ठले स्वर्ण पदक जिते ।

त्यसैगरी तृतीय भएको भैरवप्रसाद गणका लागि प्युठ विजय महर्जन र सिपाही सविता चौधरीले स्वर्ण पदक प्राप्त गरेका छन् । वीरभद्रजङ्ग गुल्मका लागि हिमाल खड्काले स्वर्ण पदक दिलाए । प्रतियोगिताका पदक विजेता खेलाडीलाई सुदूरपश्चिम पृतनाका चिफ आफ स्टाफ सहायकरथी सुरत रावल, श्री नं २५ बाहिनी अ•का बाहिनीपति सहायकरथी मनोज थापालगायतले ट्रफी, मेडल र प्रमाणपत्रबाट पुरस्कृत गर्नुभयो । ट्रफीअन्तर्गत श्री नं ५ र २५ बाहिनीअन्तर्गत विभिन्न गण तथा गुल्मको संयोजनमा भलिबल, फुटबल, पौडी, बक्सिङ, बास्केटबललगायत खेल सञ्चालन भएका थिए ।

नेपाली सेनाले खेलाडीमा सामूहिकताको भावना ल्याउनुको साथै स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद तथा स्पोटस फोर फ्रेन्डसिप कुरालाई मनन गर्दै ट्रफी आयोजना गर्दै आएको छ । सुदूरपश्चिमबाट पृतनास्तरीय प्रतियोगिताबाट छनोट भएका विभिन्न खेलका खेलाडी प्रधानसेनापति ट्रफी प्रतियोगितामा भाग लिने नेपाली सेनाले जनाएको छ ।

# आत्मसमर्पण गरेका ट्रम्प दुई लाख धरौटीमा छुटे

**एटलान्टा–** अघिल्लो राष्ट्रपतीय निर्वाचनमा षडयन्त्र र ठगीको आरोप लागेका अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिणी राज्य जर्जियाको एक जेलमा फुल्टन काउन्टीस्थित जेलमा आत्मसमर्पण गरेका छन् । फुल्टन काउन्टी जेलमा ३० मिनेटभन्दा कम समय बिताएका उनी दुई लाख डलर धरौटी बुझाएर रिहा भएका छन् ।



जेलका अधिकारीले लागुऔषध कारोबार, तस्करी, मदिराले मातेर सवारी हाक्ने चालकलगायत अन्य फौजदारी अभियोग लागेकाहरूको औंठाछाप र टाउकोसहित अनुहारको तस्बिर लिइने कानुनी प्रक्रियाअनुरूप अमेरिकाको इतिहासमा पहिलोपटक पूर्वराष्ट्रपतिको पनि तिनै अभियुक्तकोझैँ फोटो लिएर भएको छ । यो लज्जास्पद क्षण अमेरिकाका लागि दुःखद भएको दक्षिणी क्यालिफोर्निया विश्वविद्यालय एनेनबर्ग स्कूल अफ कम्युनिकेसन्सकी प्राध्यापक मार्टी कपलान बताउँछिन् । भविष्यमा इतिहासका पुस्तकहरूमा पूर्वराष्ट्रपति ट्रम्पको त्यो आपराधिक छवि स्थायी तस्बिर भएर रहने उनले टिप्पणी गरिन् ।

कानुन कार्यान्वयन गर्ने फुल्टन काउन्टी कार्यालयले अपराधको आरोप लागेका एक सामान्य नागरिकका रूपमा सार्वजनिक गरेको पूर्वराष्ट्रपतिको तस्बिरमा उनी निक्कै रिसाको देखिन्छन् । हल्का खैरो पृष्ठभूमिमा खिचिएको तस्बिरमा उनले नीलो सुट, सेतो शर्ट र रातो टाई लगाएका छन् । उनको काँधको ठ्याक्कै माथि शेरिफको प्रतीक चिह्न पनि देखिन्छ । सतहत्तर वर्षीय पूर्वराष्ट्रपतिले आफू दोषी नरहेको दाबी गरेका छन् । यद्यपि उनीमाथि जर्जियामा जो बाइडेनले पाएको मतपरिणाम उल्टयाउने प्रयास गरेको आरोप लगाइएको छ ।

उक्त कार्यालयले जारी गरेको तस्बिर आफ्नो सामाजिक सञ्जाल र चुनावी अभियान वेबसाइटमा पोस्ट गर्दै उनले आफूले केही गलत नगरेको र आफूमाथि निराधार आरोप लगाइएको उल्लेख गरेका छन् । राजनीतिबाट प्रेरित भएर आफ्नो आगामी निर्वाचन बिथोल्न आफूमाथि अभियोग लगाइएको उनले दाबी गरेका छन् ।

अर्बपति व्यापारी ट्रम्पलाई गत अप्रिलदेखि चारपटक आपराधिक रूपमा अभियोग लगाइएको छ तर उनी आगामी वर्ष हुने राष्ट्रपतीय निर्वाचनमा भाग लिने दृढ निश्चयका साथ अघि बढेका छन् । जर्जियामा उनीमाथि जालसाजी गरेको, सरकारी अधिकारीलाई झूठा बयान दिन अभिप्रेरित गरेकोलगायत चारवटा मुद्दा दायर गरिएको छ ।

यसअघि उनीमाथि वयस्क चलचित्रकी नायिका स्टोर्मी डेनियलसँगको यौन सम्बन्ध, त्यसलाई सार्वजनिक नगर्न निजलाई भुक्तान गरिएको ठूलो रकम, आफ्नो निजी निवासमा गोप्य सरकारी कागजात राखेको र सरकारलाई फिर्ता गर्न अस्वीकार गरेको तथा संसद् भवनमा समर्थक परिचालन गरेर तोडफोड र आक्रमण गराएको अभियोग लगाइएको छ ।

सन् २०२० को जनवरी छ तारिखमा अमेरिकी संसद् क्यापिटल हिलमा भएको आक्रमणमा सात जनाको मृत्यु हुनका साथै संसद्, महानगर र स्थानीय सुरक्षा निकायका १५० जना सुरक्षाकर्मी घाइते भएका थिए । त्यहाँ ट्रम्पले परिचालन गरेको भीडले अन्धाधुन्ध आक्रमण गरेको आरोप छ । *रासस/एएफपी*

# 'बहुपक्षीयताको संरक्षणमा ब्रिक्सको भूमिका महत्त्वपूर्ण'

**बेइजिङ–** बिहीबार दक्षिण अफ्रिकामा सम्पन्न भएको ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सदस्य रहेको १५औं ब्रिक्स शिखर सम्मेलनले ब्रिक्स संयन्त्रको गतिशीलता, यो बहुपक्षीय मञ्चको विकासको प्रवर्द्धन, बहुपक्षीयताको संरक्षण र विश्वव्यापी शासन सुधारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बहुपक्षीयताका जानकारहरूले बताएका छन् ।

संगठनको ऐतिहासिक बिस्तारका क्रममा अर्जेन्टिना, इजिप्ट, इथियोपिया, इरान, साउदी अरब र संयुक्त अरब इमिरेट्स थपिएपछि ब्रिक्स सहयोग संयन्त्रमा जीवन्त, विश्व शान्ति र विकासका लागि सहयोगी हुने धारणा उनीहरूले व्यक्त गरेका छन् । नयाँ सदस्य देश आगामी जनवरी १ देखि पूर्णसदस्य बन्नेछन् र तिनले संगठनमा नयाँ ऊर्जा प्रवाह गर्ने उनीहरूको अपेक्षा छ ।

विश्व अर्थतन्त्रले गति लिन नसकेको कठिन समयको पृष्ठभूमि तथा कोभिड-१९ महामारीको गम्भीर चुनौतीलाई पन्छाउँदै पहिलोपटक भौतिकरूपमा भएको १५औं शिखर सम्मेलनले ब्रिक्स देशबीचको ऐक्यबद्धता र सहयोगलाई बढाएको छ ।

वर्तमान अन्तर्राष्ट्रिय परिदृश्यलाई आकार दिन, न्यायपूर्ण, समतामूलक विश्व व्यवस्था निर्माणका निम्ति सकारात्मक भूमिका निर्वाह गर्ने सामर्थ्य भएको ब्रिक्सले विश्व जनसंख्याको ४२ प्रतिशत र विश्वव्यापी कुल गार्हस्थ उत्पादनको एक चौथाइ भाग ओगटेको छ । सांघाइमा रहेको नयाँ विकास बैंक र आकस्मिक कोष प्रवाहको व्यवस्थाले ब्रिक्स संयन्त्रअन्तर्गत फलदायी एवं व्यावहारिक सहयोगको बढाउन सहज हुनेछ ।

खुलापन, समावेशिता र सबै पक्षलाई लाभ हुने सहयोगको भावनालाई समर्थन गर्दै ब्रिक्स संयन्त्रले उदीयमान अर्थतन्त्र र विकासशील देशलाई प्राथमिकतामा राखेको छ । सबै विकासशील देशको प्रतिनिधित्व गर्ने सहयोगी मञ्चलाई पारस्परिक एकताको माध्यमबाट अझ सबल एवं सहयोगी बनाउनुपर्नेमा चिनियाँ राष्ट्रपति सी चिनफिङले जोड दिएका छन् ।

अनिश्चितताको भुमरीबाट बाहिर निस्कन कठिन भएको वर्तमान विश्वमा ठूला परिवर्तन र विभाजन, अशान्ति, दीर्घकालीन संक्रमण एवं भगीरथ प्रयासपछि शान्त रूपान्तरण पनि भोगेको तर त्यो संसारभर अझै लागू हुन नसकेको अवस्थामा कतिपय विकासोन्मुख देशहरू संयुक्त राष्ट्रसंघीय दिगो विकासका लक्ष्य हासिल गर्न अक्षम हुने अवस्थामा छन् । ती देशको उन्नयनमा सघाउनु पनि ब्रिक्सको साझा दायित्व बनेको छ । शीतयुद्धको मानसिकतामा फसेका केही देशले हालैका वर्षमा आफ्नो वर्चस्व कायम राख्न विभाजन र द्वन्द्व सिर्जना गरेर वैमनस्यलाई बढावा दिएका बेला ब्रिक्सको महत्ता अझ बढेको छ ।

अहिलेको बढ्दो जटिल अन्तर्राष्ट्रिय परिवेशमा, विस्तारित ब्रिक्स समूहले साझा वृद्धिलाई प्रवर्द्धन गर्न, बहुपक्षीयताको रक्षा गर्न, अधिक न्यायपूर्ण र समतामूलक विश्वव्यापी शासनका साथै बहुध्रुवीय विश्वमा योगदान पुऱ्याउन ठूलो भूमिका खेल्ने अपेक्षा चीनले गरेको छ ।

शान्ति र विकासका साथै समग्र विश्वका जनताको साझा आकांक्षामा सघाउन तथा रणनीतिक साझेदारी अभिवृद्धि गर्न सम्मेलनमा चीनले आफ्नो पूर्णप्रतिबद्धता व्यक्त गरेको छ । *रासस/एएफपी*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MALEK CLEANING AND HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति: २०८०/०५/०७ LT. No. 291485 चलानी नं. ६०२०६७२९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Driver | 16 | 0 | 1700 | ६२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 3 | 0 | 1000 | ३६,४७० | | | | | | | |
| 3 | Labour | 6 | 0 | 1000 | ३६,४७० | | | | | | | |
| 4 | Labour Services | 2 | 0 | 1000 | ३६,४७० | | | | | | | |
| 5 | Mason | 4 | 0 | 1200 | ४३,७६५ | | | | | | | |
| 6 | Salesman | 1 | 0 | 1400 | ५१,०६० | | | | | | | |
| 7 | Secretary | 3 | 0 | 2100 | ७६,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1165/073/074

**Chinari Overseas Pvt. Ltd.**
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BUILD DRAW TRADING & CONTRACTING & SERVICES

पूर्व स्वीकृति मिति: २०८०/०५/०८ LT. No.291498 चलानी नं. ६०२०६७४१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | General Cleaning Worker | 0 | 6 | 1000 | ३६,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Advance Recruitment Service Pvt. Ltd.** श्रम ईजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TENNIS SKILL FOR ENTERPAINMENT EST.

पूर्व स्वीकृति मिति २०८०/०५/०७ LT. No. 291538 चलानी नं.६०२०६७३५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Coffee Provider | 3 | 0 | 1300 | ४६,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading & Unloading Labour | 1 | 0 | 1000 | ३५,३९५ | | | | | | | |

कम्पनी : THE FIRST PLAN BEVERAGE SERVICES CAFE.

पूर्व स्वीकृति मिति २०८०/०५/०७ LT. No. 291539 चलानी नं.६०२०६७२६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Waiter | 1 | 0 | 1300 | ४६,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059

**ARANIKO OVERSEAS PVT. LTD.**
Kupondole (Opposite to Hotel Himalaya)
Kathmandu, Nepal.Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ETHMAR AGRICULTURAL COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/०७ LT. No. 291548 चलानी नं. ६०२०६७४४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Worker | 10 | 0 | 1000 | ३५,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OOI TEE TYEA ENTERPRISE (PG0083890-T)

पूर्व स्वीकृति मिति २०८०/०५/०७ LT. No.291460 चलानी नं. ६०२०४१७७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Production, Harvesting & Post Harvesting | 15 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७३/०६७/०६८

**MIDDLE ORBIT OVERSEAS PVT. LTD.**
Samakhushi - 29, Ranibari Marg, Kathmandu, Nepal
Telphone No: +977-1-4387902 Fax No. +977-1-4389051
E-mail: middleorbit@gmail.com Website: middleorbitoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOODNITE FOAM & LATEX SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०८ LT. No. 266614 चलानी नं. ६०१८२५०९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker | 85 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1503/074/75

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEONG HUP AGROBUSINESS SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/०८ LT. No. 291529 चलानी नं. ६०२०६७३३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 19 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १६ गते (2nd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । धुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १११००० | प्रति तोला – ११०५५० | प्रति तोला – १४५० |



ड्रागन खेती | सुर्खेतको गुर्भाकोट नगरपालिका–१४ विशालचोकमा रहेको ड्रागन फ्रुट खेती। उक्त ड्रागन खेती एक बिघा क्षेत्रफलमा रहेको छ।
*तस्बिरः सुरेश आचार्य/रासस*

# ३६ अर्बका चार जलविद्युत् परियोजना स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** लगानी बोर्ड बैठकले चारवटा जलविद्युत् परियोजनाहरू स्वीकृत गरेको छ । शुक्रबार प्रधानमन्त्री एवं लगानी बोर्डका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा बसेको लगानी बोर्डको ५५औं बैठकले चारवटा जलविद्युत् परियोजनाहरू रोल्वालिङ खोला, छुजुङ्ग खोला, दाना खोला र सानीभेरी जलविद्युत् परियोजनाका लागि कुल ३६ अर्ब ३७ करोड रूपैयाँ बराबरको लगानी स्वीकृत गरेको हो ।

बैठकले तमोर जलाशययुक्त जलविद्युत् परियोजना कार्यान्वयन अघि बढाउने सम्बन्धमा हालसम्मको विकासक्रमको समीक्षा गर्दै परियोजनाको भावी कार्यदिशासम्बन्धी सुझाव पेस गर्न उच्चस्तरीय समिति गठन गर्ने निर्णय गरेको छ ।



दाङको राजपुर गाउँपालिकामा २४५ मेगावाट र २० मेगावाट ब्याट्री क्षमताको सौर्य ऊर्जा परियोजनाको अध्ययनका लागि 'डोल्मा हिमालयन इनर्जी'लाई अध्ययन अनुमतिपत्र दिने निर्णय गरेको छ। साथै, बाँकेको कोहलपुर र कपिलवस्तुको वाणगंगामा २५० मेगावाटको सौर्य ऊर्जा विकासका लागि अध्ययनकर्ता 'राईजेन इनर्जी कम्पनी'बाट पेस भएको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनलाई बोर्डले जानकारीमा लिएको छ ।

बोर्डले माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेश कार्यान्वयनका लागि मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरेको छ । यसका अतिरिक्त, बोर्डको बैठकले 'ग्रीन क्याल्सियम नाइट्रेट फर्टिलाइजर फ्याक्ट्री' स्थापनासम्बन्धमा अध्ययनका लागि मलेसियास्थित 'रेनिकोला एसडीएन बीएचडी'सँग गरिने समझदारीको मस्यौदा स्वीकृत गरेको छ ।

बैठकमा विभिन्न परियोजनाहरूको सम्बन्धमा गहन छलफल भई महत्वपूर्ण निर्णय भएको विचार व्यक्त गर्दै प्रधानमन्त्री प्रचण्डलले आगामी दिनमा जलविद्युत् परियोजनाहरूको परियोजना लागत निर्धारण गर्दा ब्यांकेबल हुने गरी थप अध्ययन/विश्लेषण गर्न, कार्यान्वयनमा रहेका परियोजना समयमा सम्पन्न गर्न आवश्यक समन्वय प्रगाढ बनाउन र लगानी स्वीकृति र परियोजना कार्यान्वयनमा रहेका प्रक्रियाहरूलाई छोट्याउँदै छिटोछरितो र परिणाममुखी कार्यसम्पादन गर्न सम्बन्धित सबै निकायहरूलाई निर्देशन दिए ।

# जिइएफ उपाध्यक्षमा डा. महत निर्वाचित

■ प्रभाव संवाददाता

**भ्यानकुभर–** ग्लोबल इनभ्यारोमेन्ट फ्यासिलिटी (जिइएफ) को ७ औं विश्व सम्मेलनको प्लेनरी सेसनबाट नेपालका अर्थमन्त्री डा. प्रकाशशरण महत उपाध्यक्षमा निर्वाचित भएका छन्। शुक्रबार एसेम्बलीको जारी बैठकमा गणतन्त्र पानामाको प्रस्ताव तथा नेदरल्याडको समर्थनमा मन्त्री महत उपाध्यक्षमा निर्वाचित भएका हुन् ।

यस अगाडि मन्त्री डा.महतले विश्व वातावरण कोषको एसेम्वली बैठकमा सम्बोधन गर्दै नेपालले कूल क्षेत्रफलको ४५ प्रतिशत वन संरक्षण गरी समग्र मानव समुदायको लागि स्वच्छ अक्सिजन प्रवाह गरेको बताए । उनले दक्षिण एसियाका एक अर्बभन्दा बढी जनसंख्याको लागि पानीको श्रोत रहेको बिषय विश्व समुदायमा ध्यानाकर्षण गरे ।

नेपालले जैविक विविधताको संरक्षणमा ईमान्दार प्रयत्न गरिरहेको साथै दुर्लभ तथा संकटापन्न जंगली जनावर तथा प्रजातीहरूको संरक्षण गरेको र सोको नतिजा स्वरूप बाघ तथा गैडाको संख्यामा उल्लेख्य रूपमा बृद्धि भएको बताए । यस्ता वन तथा वन्यजन्य सम्पदा नेपालको लागि मात्र नभई विश्व मानव समुदायकै सम्पदाको रूपमा रहेको उल्लेख गर्दै यी प्रयासका वावजुत पनि नेपाल जलवायू परिवर्तनका दृष्टिकोणले उच्च जोखिममा पर्दछ । नेपाल विश्वको १० औं जोखिमयुक्त मुलुक भएको र पछिल्ला दिनहरूमा बाढी पहिरो अतिवृष्टि सुख्खा साथै हिमताल बिस्फोटको जोखिम समेत बढेको बताए ।

नेपालको तापक्रम सन् २०३० सम्ममा ०.५ देखि २.० डिग्रि सेल्सियसले बढ्ने अनुमान रहेको र यसबाट हुने असर र प्रभावसँग सामना गर्न सन् २०५० सम्ममा ५० अर्ब अमेरिकी डलर भन्दा बढी लगानी आवश्यक रहेको तर्फ सहभागीहरूको ध्यानाकर्षण गराए । अर्थमन्त्री डा. महतले जलवायू वित्तबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै यसै एसेम्वलीबाट अनुमोदित विश्व जैविक विविधता खाका कोष लगायतका श्रोत अति प्रभावित मुलुकहरूमा केन्द्रित गर्न अनुरोध गरे । उनले जबसम्म एकीकृत र समुच्च रूपमा कार्यान्वयन गरिदैंन तबसम्म कोषको आकार मात्र बढाएर खासै प्रभावकारी नहुने धारणा राखे ।

जलवायू परिवर्तन जोखिम उच्च भएका देशहरूको समेत प्रतिनिधित्व गर्दै लगानी आयोजनाहरूको गुणस्तर बढाउन स्थानीय जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनेगरी कार्यान्वयन गर्नु पर्नेमा जोड दिए । उनले मानव विकासको क्षेत्रमा महत्वपूर्ण लगानी नगर्दासम्म वातावरणीय दिगोपना हाँसिल हुन नसक्ने बताए। अर्थमन्त्री डा. महतले वातावरणीय कोषका कार्यक्रमहरू राष्ट्रिय प्रणाली मार्फत कार्यान्वयन गर्नु पर्नेमा जोड दिँदै आयोजनामा ठोस तथा पहिचानयुक्त क्रियाकलाप समावेश गर्न र आयोजनाका मुख्य क्रियाकलापमा लगानी केन्द्रित गर्न जोड दिए । यसैगरी उनले जलवायू परिवर्तनको बहुआयामिक असरलाई सम्बोधन गर्न उच्चस्तरको सहकार्य र सबैको योगदान आवश्यक रहेको धारणा राखे ।

# 'अर्थतन्त्र सुधारका लागि उद्यमशीलतामा जोड दिनुपर्छ'

**बुटवल (प्रस)–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले मुलुकको अर्थतन्त्र सुधारका लागि युवा उद्यमशीलतामा जोड दिनुपर्ने बताएका छन् । नेपाल जेसीजले तिलोत्तमामा आयोजना गरेको जेसीज क्षेत्र 'घ' सम्मेलन उद्घाटन गर्दै आज मुख्यमन्त्री चौधरीले पलायन भइरहेका युवा जनशक्तिलाई रोक्न मुलुकभित्रै रोजगारी सिर्जना गर्नुपर्ने बताए ।

उनले लुम्बिनी प्रदेशमा दुई लाख युवालाई रोजगारी सिर्जनाका लागि कार्यक्रम ल्याएको र उक्त कार्यक्रमका लागि सहयोग गर्न जेसीजसमक्ष आग्रह गरे । मुलुकको भविष्य युवाको काँधमा रहेको बताउँदै उनले युवालाई जिम्मेवार भएर प्रस्तुत हुन पनि आग्रह गरे । जेसिजमा उद्यमशील युवा आबद्ध रहेको भन्दै उनले रोजगारी सिर्जनामा सरकारले जेसिजसँग सहयोगको अपेक्षा गरेको बताए ।

नेपाल जेसीजका अध्यक्ष विकास मानन्धरले जेसिजमा १८ देखि ४० वर्ष उमेर समूहका युवाको सघ्या बढी रहेको जानकारी गराउँदै युवाको नेतृत्व विकासमा काम गर्दै आएको भनाइ राखे । तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाणले देशको नेतृत्व युवाले गर्नुपर्ने बेला आएको बताउँदै त्यसका लागि तयार हुन आग्रह गरे। उनले व्यापार घाटाका कारण देशको अर्थतन्त्र खस्कँदो अवस्थामा रहेको भन्दै त्यसलाई सही बाटोमा ल्याउनका लागि आयात प्रतिस्थापन गर्दै निर्यात बढाउनु आवश्यक रहेको बताए ।

तिलोत्तमा जेसिजको आतिथ्यतामा दुई दिनसम्म चल्ने जेसिज क्षेत्र घ सम्मेलनमा विभिन्न विषयमा कार्यपत्र प्रस्तुत तथा प्यानल छलफल हुने तिलोत्तमा जेसिजका अध्यक्ष प्रकाश गौतमले बताए ।

# रोपवेले भूमेका किसानलाई सहज

**रुकुम (पूर्व)–** रुकुम (पूर्व)मा ग्राभिटी गुड्स रोपवेले गर्दा किसानलाई आफ्नो उत्पादन बजारमा पुर्‍याउन सहज भएको छ। जिल्लाको भूमे गाउँपालिका-४ र ८ मा बनाइएको रोपवेले स्थानीय किसानलाई सहज बनाएको हो । विगतमा एक डोको तरकारी बिक्री गरेर घर फर्कन एक दिनभरि लाग्ने गरेकामा रोपवेका कारण अचेल किसानको आधाभन्दा बढी समय बचत हुने गरेको छ ।

अहिले भूमे -८ कुचिबाङका किसानले आफूले बारीमा उत्पादन गरेको तरकारी रोपवेमार्फत दुई मिनेटमा भूमे-४ को काँडाबगरमा पुर्‍याउँछन्। जुन ठाउँबाट डोकोमा बोकेर काँडा बगरसम्म पुर्‍याउँदा पहिले पैदल तीनदेखि चार घन्टा हिँड्नुपरेको कुचिबाङका किसान धनबहादुर बुढाले बताए । 'सडक सुविधा छैन, हाम्रो गाउँमा भर्खर ट्र्याकओपन गरिएको छ', उनले भने, 'ट्र्याकओपन गरिएको बाटोमा गाडी नजाने भएपछि हामीले बिहान खाना खाएर एक डोको तरकारी बोकी पैदल खाबाङ, रुकुमकोटलगायतका ठाउँमा जाने गर्थ्यौं।' तरकारी बजार पुर्‍याएर फर्कंदा बाटोमै झमक्कै रात पर्ने गरेको उनले बताए ।

कुचिबाङकै अर्का किसान झलक रोकाले तरकारी प्रशस्त उत्पादन हुने सम्भावना रहँदारहँदै पनि बजार पुर्‍याउन कठिन हुने भएकाले त्यहाँका किसानले तरकारी खेती नगरेको बताए। कुचिबाङका किसानलाई लक्षित गरेर रोपवे निर्माणको काम सुरु गरेपछि भने त्यहाँका किसानले तरकारी खेती गरेको र अहिले प्रशस्त मात्रामा तरकारी उत्पादन भएको रोकाले बताए । 'कुचिबाङमा बन्दा, काउली, मुला, काँक्रा प्रशस्त मात्रामा उत्पादन भएको छ', उनले भने, 'बारीबाट तरकारी टिपेर प्याक गरी रोपवेमार्फत अचेल दुई मिनेटमा काँडाबगर पुर्‍याउने गरेका छौँ।' काँडाबगरमा पुगेको तरकारी खाबाङ, रुकुमकोटलगायतका ठाउँमा जाने गरेको उनको भनाइ छ ।

उनीहरूजस्तै भूमे-८ नं वडाका कुचिबाङ, मैबाङ, झिम्का, हाडीलगायतका ठाउँका दुई सय ४२ घरधुरीका किसानलाई रोपवेले आफूले उत्पादन गरेको उपजलाई बजारसम्म पुर्‍याउन निकै राहत मिलेको त्यहाँका स्थानीयले बताएका छन्। यस्तै मावि कुचिबाङका लेखापाल डिल्ली बुढाक्षेत्रीले विगतका वर्षको बर्खाको समयमा दिवाखाजा कार्यक्रमको सामान बोकेर विद्यालयसम्म पुर्‍याउन मुस्किल हुने गरेको बताउँदै यस वर्ष भने सजिलै रोपवेमार्फत आवश्यक सामान विद्यालयमा पुर्‍याएको बताए ।

रुकुम (पूर्व)को भूमे -४ को काँडाबगरबाट भूमे-८ को कुचिबाङसम्म एक हजार एक सय ४४ मिटर लामो रोपवे निर्माण गरिएको छ । युके एडको आर्थिक सहयोग, विकास सरोकार समाज र प्राक्टिकल एक्सनको समन्वयमा ग्राभिटी गुड्स रोपवेको निर्माण गरिएको छ । युके एडको रु ४३ लाख ३२ हजार तीन सय ९१ र बाँकी श्रमदान गरी जम्मा रु ४८ लाख ६८ हजार छ सय ४७ लागतमा रोपवे निर्माण गरिएको हो। गत वर्ष माघ २३ मा सुरु भएको रोपवे निर्माणको काम गएको वैशाख २९ मा सम्पन्न भएको रोपवे नेपालका प्राविधिक शोभाकान्त काफ्लेले जानकारी दिए ।

प्राक्टिकल एक्सन नेपाल समुन्ति परियोजनाका प्रमुख देवदत्त भट्टले लुम्बिनी प्रदेशमा निर्माण गरेको ग्राभिटी गुड्स रोपवे यो दोस्रो भएको बताए। पहिलो रोपवे पाल्पामा निर्माण भएको छ । 'जिरो इनर्जी'मा चल्ने रोपवे निर्माण गर्ने कार्य मात्र ठूलो नभई यसलाई निरन्तररूपमा सञ्चालन गर्नसक्नु नै ठूलो कुरा भएकाले यसको सञ्चालनलाई निरन्तरता दिन यहाँको स्थानीय सरकार सँगसँगै किसानको महत्त्वपूर्ण भूमिका हुने बताए । अहिले रोपवेबाट सामान उकाल्दा र ओराल्दा प्रतिकिलोको रु दुई लिने गरिएको छ । यसमा ७५ प्रतिशत अपरेटरलाई र २५ प्रतिशत रोपवेको मर्मतमा खर्च गर्ने गरी निर्णय गरिएको छ । यस रोपवेमा कुचिबाङबाट ९० किलो सामान काँडाबगर ओराल्दा काँडाबगरबाट ३० किलो सामान कुचिबाङ पुग्ने गरेको छ । सामान लोड गरी उकाल्दा र ओराल्दा काँडाबगर र कुचिबाङमा बस्ने अपरेटरले रोपवेको तारमा लठ्ठीले हान्ने गरेका छन्। एकपटक लठ्ठीले तारमा हान्दा रोक्ने र दुईपटक हान्दा सामान पठाउने संकेत रहेको छ।

रोपवे सञ्चालनमा आएसँगै भूमे गाउँपालिकाले कुचिबाङलाई कृषि नमूना गाउँ बनाउने गरी योजना बनाइरहेको भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताए। रोपवे सञ्चालनका लागि काँडाबगरबाट बजारीय सामान ३० किलोमाथि उकाल्दा अब कुचिबाङवासीले एकपटकमा ९० किलो उत्पादन काँडाबगर झार्न सक्ने कि नसक्ने भन्ने चुनौती थपिएको जनाउँदै अध्यक्ष श्रेष्ठले त्यस चुनौतीलाई सामना गर्ने गरी कृषिमा काम गर्ने बताए । साथै त्यहाँको उत्पादनलाई बजारीकरणका लागि भूमेमै रहेको मारिङ बहुउद्देश्यीय सहकारी संस्थासँगै अन्य बजारमा सहकार्य गर्ने भूमे गाउँपालिकाले जनाएको छ। जिल्लामै पहिलोपटक रोपवे निर्माण भएपछि किसान उत्साहित भएका छन्। *रासस*


दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहोर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ ।

त्यसैले,

- खोला, धारा र मूलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ